# मध्यमकालीन खर्च संरचना

## (२०८०/८१-२०८२/८३)



# कर्जन्हा नगरपालिका

सिराहा जिल्ला

मधेस प्रदेश, नेपाल

२०८०

# मध्यमकालीन खर्च संरचना

(२०८०/८१-२०८२/८३)

## कर्जन्हा नगरपालिका

सिराहा जिल्ला

मधेस प्रदेश

नेपाल, २०८०

# विषय सूचि


| शिर्षक | पेज नं. |
|---|---|
| १. परिचय | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा | २ |
| १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य | २ |
| १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु | ४ |
| १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य | ४ |
| १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया | ८ |
| **२. मध्यमकालीन खर्च संरचना** | **१३** |
| २.१ पृष्ठभूमि | १३ |
| २.२ चूनौति तथा अवसर | १४ |
| २.३ सोच, उद्देश्य तथा रणनीति | १५ |
| २.३.१ दीर्घकालीन सोच | १५ |
| २.३.२ नगर विकासको लक्ष्य | १६ |
| २.३.३ नगर विकासको उद्देश्य | १६ |
| २.३.४ नगर विकासको रणनीति | १६ |
| २.४ मध्यमकालीन आर्थिक खाका | १७ |
| २.५ मध्यमकालीन बजेट खाका | १८ |
| **३. आर्थिक क्षेत्र** | **२१** |
| ३.१ कृषि तथा पशुपन्छी | २२ |
| ३.१.१ पृष्ठभूमि | २२ |
| ३.१.२ समस्या तथा चुनौती | २२ |
| ३.१.३ लक्ष्य | २३ |
| ३.१.४ कृषि तथा पशुपन्छी सम्वन्ध नीति | २३ |
| ३.१.५ रणनीति | २५ |
| ३.१.६ परिमाणात्मक स्थिति | २६ |
| ३.१.७ अपेक्षित उपलब्धि | २६ |
| ३.२ सिँचाइ | २७ |
| ३.२.१ पृष्ठभूमि | २७ |
| ३.२.२ समस्या तथा चुनौती | २८ |
| ३.२.३ लक्ष्य | २८ |
| ३.२.४ रणनीति | २९ |
| ३.२.४ परिणात्मक स्थिति | २९ |
| ३.२.५. अपेक्षित उपलब्धि | २९ |
| ३.३ भूमि व्यवस्था | ३० |
| ३.३.१ पृष्ठभूमि | ३० |

| शिर्षक | पेज नं. |
|---|---|
| ३.३.२ समस्या र चुनौती | ३० |
| ३.३.३ लक्ष्य | ३० |
| ३.३.४ रणनीति | ३० |
| ३.३.५ अपेक्षित उपलब्धि | ३० |
| ३.४ सहकारी तथा गरिबी निवारण | ३१ |
| ३.४.१ पृष्ठभूमि | ३१ |
| ३.४.२ समस्या र चुनौती | ३१ |
| ३.४.३ लक्ष्य | ३१ |
| ३.४.४ सहकारी नीति | ३१ |
| ३.४.५ रणनीति तथा कार्यनीति | ३२ |
| ३.४.६ परिणात्मक स्थिति | ३२ |
| ३.४.७ अपेक्षित उपलब्धि | ३३ |
| ३.५ उद्योग, वाणिज्य तथा आपूर्ति | ३३ |
| ३.५.१ पृष्ठभूमि | ३३ |
| ३.५.२ समस्या र चुनौती | ३४ |
| ३.५.३ लक्ष्य | ३५ |
| ३.५.४ उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी नीति | ३५ |
| ३.५.४ रणनीति | ३६ |
| ३.५.५ परिणात्मक स्थिति | ३६ |
| ३.५.६ अपेक्षित उपलब्धि | ३६ |
| ३.६ संस्कृति तथा पर्यटन | ३७ |
| ३.६.१ पृष्ठभूमि | ३७ |
| ३.६.२ समस्या र चुनौती | ३७ |
| ३.६.३ लक्ष्य | ३७ |
| ३.६.४ पर्यटन तथा संस्कृति सम्बन्धी नीति | ३७ |
| ३.६.४ रणनीति | ३८ |
| ३.६.५ परिणात्मक स्थिति | ३८ |
| ३.६.६ अपेक्षित उपलब्धि | ३८ |
| ३.७ श्रम तथा रोजगारी | ३९ |
| ३.७.१ पृष्ठभूमि | ३९ |
| ३.७.२ समस्या र चुनौती | ३९ |
| ३.७.३ लक्ष्य | ४० |
| ३.७.४ रोजगार सम्बन्धी नीति | ४० |
| ३.७.५ रणनीति | ४० |
| ३.७.६ परिणात्मक स्थिति | ४१ |
| ३.७.७ अपेक्षित उपलब्धि | ४१ |
| ३.८ जोखिम पक्ष तथा अनुमान | ४२ |
| **४. सामाजिक क्षेत्र** | ४३ |

| शिर्षक | पेज नं. |
|---|---|
| ४.१ स्वास्थ्य तथा पोषण | ४४ |
| ४.१.१ पृष्ठभूमि | ४४ |
| ४.१.२ समस्या र चुनौती | ४४ |
| ४.१.३ लक्ष्य | ४५ |
| ४.१.४. स्वास्थ्य सम्वन्धी नीति | ४५ |
| ४.१.५ रणनीति | ४६ |
| ४.१.६ परिणात्मक स्थिति | ४६ |
| ४.१.७ अपेक्षित उपलब्धि | ४७ |
| ४.२ शिक्षा, विज्ञान तथा प्रविधि | ४७ |
| ४.२.१ पृष्ठभूमि | ४७ |
| ४.२.२ समस्या र चुनौती | ४८ |
| ४.२.३ लक्ष्य | ४८ |
| ४.२.४ शिक्षा सम्बन्धी नीति | ४८ |
| ४.२.५ रणनीति | ५० |
| ४.२.६ परिणात्मक स्थिति | ५० |
| ४.२.७ अपेक्षित उपलब्धि | ५१ |
| ४.३ युवा, खेलकुद तथा नवप्रवर्तन | ५१ |
| ४.३.१ पृष्ठभूमि | ५१ |
| ४.३.२ समस्या र चुनौती | ५१ |
| ४.३.३ लक्ष्य | ५२ |
| ४.३.४ युवा, खेलकुद तथा मनोरञ्जन सम्वन्धी नीति | ५२ |
| ४.३.५ रणनीति | ५३ |
| ४.३.६ परिणात्मक स्थिति | ५३ |
| ४.३.७ अपेक्षित उपलब्धि | ५३ |
| ४.४ महिला, बालबालिका तथा समाज कल्याण | ५३ |
| ४.४.१ पृष्ठभूमि | ५३ |
| ४.४.२ समस्या र चुनौती | ५४ |
| ४.४.३ लक्ष्य | ५४ |
| ४.४.५ रणनीति | ५४ |
| ४.४.५ परिणात्मक स्थिति | ५४ |
| ४.४.६ अपेक्षित उपलब्धि | ५४ |
| ४.५ खानेपानी तथा सरसफाई | ५५ |
| ४.५.१ पृष्ठभूमि | ५५ |
| ४.५.२ समस्या र चुनौती | ५६ |
| ४.५.३ लक्ष्य | ५६ |
| ४.५.४ रणनीति | ५६ |
| ४.५.५ परिणात्मक स्थिति | ५६ |
| ४.५.६ अपेक्षित उपलब्धि | ५६ |

| शिर्षक | पेज नं. |
|---|---|
| **५. पूर्वाधार क्षेत्र** | **५७** |
| ५.१ भवन, आवास, बस्ती तथा शहरी विकास | ५८ |
| ५.१.१ पृष्ठभूमि | ५८ |
| ५.१.२ समस्या र चुनौती | ५९ |
| ५.१.३ लक्ष्य | ५९ |
| ५.१.४ भवन तथा सहरी विकास | ५९ |
| ५.१.५ रणनीति | ६१ |
| ५.१.६ परिणात्मक स्थिति | ६१ |
| ५.१.७ अपेक्षित उपलब्धि | ६१ |
| ५.२ सडक तथा यातायात व्यवस्था | ६१ |
| ५.२.१ पृष्ठभूमि | ६१ |
| ५.२.२ समस्या र चुनौती | ६२ |
| ५.२.३ लक्ष्य | ६२ |
| ५.२.४ स्थानीय सडक | ६२ |
| ५.२.५ रणनीति | ६३ |
| ५.२.६ परिणात्मक स्थिति | ६३ |
| ५.२.७ अपेक्षित उपलब्धि | ६३ |
| ५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा | ६४ |
| ५.३.१ पृष्ठभूमि | ६४ |
| ५.२.२ समस्या र चुनौती | ६४ |
| ५.३.३ लक्ष्य | ६४ |
| ५.३.४ रणनीति | ६४ |
| ५.३.५ परिणात्मक स्थिति | ६४ |
| ५.३.६ अपेक्षित उपलब्धि | ६४ |
| ५.४ सूचना तथा सञ्चार | ६४ |
| ५.४.१ पृष्ठभूमि | ६४ |
| ५.४.२ समस्या र चुनौती | ६५ |
| ५.४.३ लक्ष्य | ६५ |
| ५.४.४ रणनीति | ६५ |
| ५.४.५ परिणात्मक स्थिति | ६५ |
| ५.४.६ अपेक्षित उपलब्धि | ६५ |
| ५.६. जोखिम पक्ष तथा अनुमान | ६६ |
| **६. वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र** | **६७** |
| ६.१ वन तथा जैविक विविधता | ६८ |
| ६.१.१ पृष्ठभूमि | ६८ |
| ६.१.२ समस्या र चुनौती | ६८ |
| ६.१.३ लक्ष्य | ६९ |
| ६.१.४ रणनीति | ६९ |

| शिर्षक | पेज नं. |
|---|---|
| ६.१.५ परिणात्मक स्थिति | ६९ |
| ६.१.६ अपेक्षित उपलब्धि | ६९ |
| ६.२ पोखरी, तालतलैया जलाधार तथा भूसंरक्षण | ६९ |
| ६.२.१ पृष्ठभूमि | ६९ |
| ६.२.२ समस्या र चुनौती | ६९ |
| ६.२.३ लक्ष्य | ७० |
| ६.२.४ पोखरी ताल, तलैया तथा जलाधार संरक्षण : | ७० |
| ६.२.५ रणनीति | ७० |
| ६.२.६ परिणात्मक स्थिति | ७० |
| ६.२.७ अपेक्षित उपलब्धि | ७० |
| ६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन | ७० |
| ६.३.१ पृष्ठभूमि | ७० |
| ६.३.२ समस्या र चुनौती | ७१ |
| ६.३.३ लक्ष्य | ७१ |
| ६.३.४ वातावरण सम्बन्धी नीति | ७१ |
| ६.३.५ रणनीति | ७२ |
| ६.३.६ परिणात्मक स्थिति | ७२ |
| ६.३.७ अपेक्षित उपलब्धि | ७२ |
| ६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ७३ |
| ६.४.१ पृष्ठभूमि | ७३ |
| ६.४.२ समस्या र चुनौती | ७३ |
| ६.४.३ लक्ष्य | ७३ |
| ६.४.४ विपद् व्यवस्थापन सम्बन्धी नीति | ७३ |
| ६.४.५ रणनीति | ७४ |
| ६.४.६ परिणात्मक स्थिति | ७४ |
| ६.४.७ अपेक्षित उपलब्धि | ७५ |
| ६.५ जोखिम पक्ष तथा अनुमान | ७५ |
| **७. संस्थागत विकास तथा सुशासन** | ७६ |
| ७.१ कानून, न्याय तथा सुशासन | ७७ |
| ७.१.१ पृष्ठभूमि | ७७ |
| ७.१.२ समस्या र चुनौती | ७७ |
| ७.१.३ लक्ष्य | ७७ |
| ७.१.४ संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीति | ७७ |
| ७.१.५ रणनीति | ७९ |
| ७.१.६ परिणात्मक स्थिति | ८० |
| ७.१.७ अपेक्षित उपलब्धि | ८० |
| ७.२ संगठनात्मक विकास तथा मानव संशाधन | ८० |
| ७.२.१ पृष्ठभूमि | ८० |

| शिर्षक | पेज नं. |
|---|---|
| ७.२.२ समस्या र चुनौती | ८० |
| ७.२.३ लक्ष्य | ८० |
| ७.२.४ रणनीति | ८० |
| ७.२.५ परिणात्मक स्थिति | ८१ |
| ७.२.६ अपेक्षित उपलब्धि | ८१ |
| ७.३ स्रोत परिचालन | ८१ |
| ७.३.१ पृष्ठभूमि | ८१ |
| ७.३.२ समस्या र चुनौती | ८१ |
| ७.३.३ लक्ष्य | ८१ |
| ७.३.४ रणनीति | ८२ |
| ७.३.५ परिणात्मक स्थिति | ८२ |
| ७.३.६ अपेक्षित उपलब्धि | ८२ |
| ७.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन | ८२ |
| ७.४.१ पृष्ठभूमि | ८२ |
| ७.४.२ समस्या र चुनौती | ८३ |
| ७.४.३ लक्ष्य | ८३ |
| ७.४.४ रणनीति | ८३ |
| ७.४.५ परिमाणात्मक स्थिति | ८३ |
| ७.४.६ अपेक्षित उपलब्धि | ८३ |
| **८. योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन** | **८५** |
| ८.१ आर्थिक क्षेत्र | ८५ |
| ८.२. सामाजिक क्षेत्र | ८६ |
| ८.३ भौतिक पूर्वाधार | ८९ |
| ८.४ वन वातावरण तथा विपद् व्यवस्थापन | ९० |
| ८.५ संस्थागत विकास तथा सुशासन | ९१ |

परिच्छेद - एक

# परिचय

## १.१ पृष्ठभूमि

मध्ममकालीन खर्च संरचनाले आवधिक योजना/एकीकृत नगर विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । कर्जन्हा नगरपालिकाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गरी कार्यान्वयन गर्न अनिवार्य कानुनी व्यवस्था गरेको छ । नगर कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै उपलब्ध शाखागत सूचना तथा मध्यमकालीन खर्च संरचना र चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमलाई आधार मानी यस दस्तावेज तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा खाकाहरु समावेश गरिएको हुन्छ । चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका तयार गरिन्छ । यस दस्तावेज तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन आर्थिक वर्षमा प्राप्त हुने प्रतिफलको समेत अनुमान गरी मध्यमकालीन नतिजा खाका तयार गरिएको हुन्छ ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो । यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ, यो पक्रिया वार्षिकरुपमा गरिरहनु पर्दछ । मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो ।

साथै मध्यमकालीन खर्च संरचनाको तयारीका विशिष्ट उद्देश्य देहायअनुसार रहेका छन् :

(क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

(ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु;

(ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु;

(घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;

(ङ) सार्वजनिक खर्चलाई प्रभाबकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, एकीकृत नगर विकास योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्मकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान २०७२
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- मधेस प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७९/८०)
- नगरपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- नगरपालिकाको स्थिति पत्र (प्रोफाईल) आदी ।

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राब्दी विकास लक्ष्यमा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोच समृद्ध नेपाल, सुखी नेपालीसँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन्; यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ । यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ । उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित गरिब व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ । नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ । साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव

छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकासका सरोकारवालाबीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको छ । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मुख गराउने प्रयास हुँदै आएको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण

संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ (मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ । यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् ।

वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ ।

कर्जन्हा नगरपालिकाले हालसम्म दिगो विकास लक्ष्यमा केन्द्रित गरी दिगो विकास लक्ष्य, महत्व, जिम्मेबारी सम्बन्धी जनप्रतिनिधी, कर्मचारीहरुलाई जानकारीमूलक तालिम कार्यक्रम प्रस्तावित गरेको छ । दिगो विकासका लक्ष्य हासिल गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउन वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तयारीलाई दिगो विकास मैत्री तुल्याउने अठोट लिएको छ । दिगो विकास लक्ष्य स्थानियकरणमा आधारीत रही नगरपालिकाको सङ्घीय सरकार तथा मधेस प्रदेशसँग समन्वय र सहकार्य गरी कार्यक्रमहरु कार्यान्वयन गर्ने र नगरपालिकाका शाखागत कार्यक्रमहरु दिगो विकास लक्ष्यमा आधारित भई समिक्षा गरी प्रतिवेदन तयार गर्ने अभ्यास रहेको छ ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ। यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ । यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । दिगो विकास लक्ष्यको आधारमा बजेटको बाँडफाँटको अवस्था अध्ययन गरी योजना अवधिमा कुन-कुन दिगो विकास लक्ष्यमा के कति बजेट प्राप्त हुन सक्छ भनी अनुमान तथा प्रक्षेपण गरिएको छ। यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुऱ्याउनेखालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ ।

दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ । समग्रमा यस कर्जन्हा नगरपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङकेतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ :

### चरण- १: तयारी चरण

*प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन*

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो । अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो । साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, नगरपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो ।

### प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा

प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका

महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियो :

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७९
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- कर्जन्हा नगरपालिकाको नगर विकास योजना तथा विषय क्षेत्रगत नीति र योजनाहरु
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- कर्जन्हा नगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा नगरपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो । यस बैठकमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा/शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो । बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाव र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

### चरण- २: लेखाजोखा चरण

#### *प्रक्रिया ६: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

वि.सं. २०८० बैशाख महिनामा  मध्यमकालीन खर्च संरचनाको तर्जु प्रक्रियाकको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा नगरपालिकाका विषयगत शाखाको कर्मचारी सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो ।

#### *प्रक्रिया ७: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल*

विषयगत रणनीतिक योजना, नगर विकास योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

#### *प्रक्रिया ८: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित नगर गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत नगर विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा

निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण - ३: तर्जुमा चरण**

*प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत महाशाखा/शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

*प्रक्रिया १०: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा/शाखा/एकाइ सँग छलफल गरी उप- क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

*प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा एकीकृत  नगर विकास योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम

समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस तयार गरि प्रस्तुत गरिएको छ ।

चरण ४: स्वीकृति चरण

*प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन*

उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरी आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले नगरपालिकामा वि.सं. २०८० जेठमा अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो ।

*प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी*

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न महाशाखा/शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ ।

*प्रक्रिया १५: मध्यमकालीन खर्च संरचनाको स्वीकृति*

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त नगर सभामा पेश गरी स्वीकृत गरियो ।

परिच्छेद - दुई

# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो । सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम सहितको चालु खर्च, पूँजीगत खर्च खुलाउनुपर्ने व्यवस्था रहेको छ । उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार कर्जन्हा नगरपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको नगर विकास योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

नेपाल सरकारले घोषणा गरेको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना, मधेस प्रदेश सरकारको प्रथम आवधिक योजना र नगरपालिकाको नगर विकास

योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ नगरपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्षका (२०८०/८१-२०८२/८३) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा नगरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। नगरपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेटने प्रयास गरिएको छ ।

## २.२ चूनौति तथा अवसर

संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न नगरपालिकासँग पर्याप्त कानून तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, मधेस प्रदेशको प्रथम आवधिक योजना र नगरको विकास योजनाको उद्देश्य हासिल गर्न नगरपालिकामा पर्याप्त ऐन तथा नीतिहरु बनिनसक्नु, वित्तीय सङ्घीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चूनौतिको रुपमा लिएको छ । यसै गरी जंगली प्राकृतिक प्रकोप, नदीमा आउने वाढीले पार्ने क्षतिको व्यवस्थापन हुन नसक्नु, कृषि र पशुजन्य पूर्वाधारको अभाव, सिञ्चाईको व्यवस्था नहुनु, पर्यटकीय उत्पादनको पूर्वाधार तथा सूचना केन्द्रको अभाव, भौतिक पूर्वाधारको आधुनिकीरण हुन नसक्नु, सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, वडागत जनघनत्वका आधारमा विद्यालयको व्यवस्था हुन नसक्नु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरु बालबालिका, अपाङ्ग तथा महिलामैत्री

नहुनु, बाल विवाह, जातिय छुवाछुत कायमै रहनु, सुकुम्वासी परिवारमा खानेपानीको पहुँचमा कमी, नगर ससरसफाईका लागि फोहोर वर्गीकरण तथा प्रशोधन विधि नअपनाउनु र खेल मैदानहरुको पूर्वाधार विकास पर्याप्त नहुनु चूनौतिपूर्ण रहेका छन् ।

मधेश प्रदेश अन्तर्गत सिराहा जिल्लामा पर्ने कर्जन्हा नगरपालिका नेपालका उच्च कृषि उत्पादकत्व भएका क्षेत्रहरु मध्ये एक हो । तसर्थ व्यावसायिक कृषि यहाँको प्रमूख सम्भावना भएको क्षेत्र हो । अर्को तर्फ नेपालका प्रमुख शहरहरुमा सहज पहुँच प्राप्त यो नगरपलिकाका लागि कृषि, उद्योग व्यवसाय, पर्यटन, वैंक तथा वित्तीय क्षेत्रको विकासको सम्भावना तथा अवसर दुवै छ । अर्को तर्फ जैविक विविधता तथा जलाधार युक्त क्षेत्रको प्रवर्द्धनबाट नगरपालिकाले धेरै लाभ लिन सक्ने देखिन्छ ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माणभई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकासका कार्यहरु क्रमशः कार्यान्वयन हुँदै जानु अहिलेका प्रमुख अवसरहरु हुन् । नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा प्रादेशिक सरकारको लक्ष्य तथा कर्जन्हा नगरपालिकाको श्रोत र साधनलाई दृष्टिगत गर्दै नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ :

### २.३.१ दीर्घकालीन सोच

नगरपालिकाको दीर्घकालीन सोचः

**"समावेशी, स्वच्छ, हरियाली र समृद्ध कर्जन्हा नगरपालिकाको आधार कृषि, शिक्षा, पर्यटन र पूर्वाधार"**

### २.३.२ नगर विकासको लक्ष्य

कृषि, पर्यटन, उद्योग व्यवसायको समेत विकास गरी दिगो रोजगारी तथा स्वस्थ र समृद्ध सहरको रुपमा नगरलाई अगाडि बढाउँदै नगरवासीको जीवनस्तर उच्च बनाउने ।

### २.३.३ नगर विकासको उद्देश्य

- कृषि क्षेत्र र पर्यटन क्षेत्रको विकास गर्दै व्यवसायीकरण गर्ने,
- नगरपालिका क्षेत्रमा आधारभूत शहरी पूर्वाधारहरु विकास गरी समुन्नत नगरको रुपमा विकास गर्ने,
- नगर क्षेत्रमा रहेको आन्तरिक साधन श्रोत, अवसर र क्षमताको उच्चतम् उपयोग गरी आर्थिक वृद्धि तथा आर्थिक विकास गर्ने,
- नगरपालिकामा गुणस्तरीय र सुलभ शिक्षाको सुनिश्चितता गर्ने,
- नगरवासीहरुलाई आधारभूत स्वास्थ्यको सुनिश्चितता प्रदान गर्ने,
- नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाई नगरमा सुशासन प्रबर्द्धन गर्ने ।

### २.३.४ नगर विकासको रणनीति

नगरपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणत्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन नगर विकास योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गरेको छ ।

- विकास प्रकृयामा अन्तर सरकार, निजी क्षेत्र, सहकारी, गैसस तथा समुदायसँगको साझेदारी र सहकार्य मजवुद तुल्याउने,
- नगरपालिकालाई कृषि/पर्या-पर्यटनको केन्द्रको रुपमा विकास गर्ने,
- कृषिमा व्यावसायिक तथा यान्त्रीकरणको माध्यमबाट प्रतिष्पर्धात्मक र उच्च प्रतिफलयुक्त तुल्याउने ।

- प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्धन र दिगो तथा उच्चतम व्यवस्थापनको नीतिगत व्यवस्थाबाट समुदायको आर्थिक विकास गर्ने,
- पूर्वाधार विकासको गुणस्तरीयता तथा दिगोपना कायम गर्न नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन गर्ने,
- गुणस्तरीय तथा व्यावसायिक शिक्षा तथा आधारभूत स्वास्थ्य सुविधामा नगरपालिकाका सबै नागरिकको पहुँच विस्तार गर्ने,
- निजी तथा कृषि वन विकास गरी वन पैदावार सम्बन्धि माग लाई सम्बोधन गर्दै नगरपालिकामा हरियाली प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तनको असर न्यूनीकरण र दैवीप्रकोप व्यवस्थापनका लागि वडा स्तरमा नै सामुदायिक दैवीप्रकोप व्यवस्थापन समितिहरु गठन गर्ने,
- नागरिकहरुलाई प्रत्यक्ष करको भार नपर्ने गरी आन्तरिक राजस्वको दायरा विस्तार गर्ने,
- नगरपालिकाको संस्थागत संरचनाको वर्तमान अवस्थालाई अत्याधुनिक, स्मार्ट, उच्च मनोवल युक्त, सकारात्मक र परिणाममुखी बनाउन नीतिगत व्यवस्था गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोच तथा संकल्प "समृद्ध नेपाल र सुखी नेपाली" को मधेश प्रदेशको सोच "उच्च मानव विकास र पहिचान, समृद्ध मधेश समाज" र कर्जन्हा नगरपालिकाको सोच "समावेशी, स्वच्छ, हरियाली र समृद्ध कर्जन्हा नगरपालिकाको आधार, कृषि, शिक्षा, पर्यटन र पूर्वाधार" तथा नगर विकासको लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । नेपाल सरकारको पन्ध्रौ योजना, मधेश प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको वर्तमान नगर विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ । नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ ।

**तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक खाका तथा लक्ष्य**

| सूचक | एकाई | २०७८/७९ को यथार्थ | २०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| कुल वार्षिक उत्पादन | रु. दशलाखमा | ४००४.५ | ४३२०.२ | ४६७७.४ | ५०००.९ | ५४६२.३ |
| कृषि क्षेत्र | रु. दशलाखमा | १४९०.२ | १५७९.६ | १६९०.२ | १७७४.७ | १८८१.२ |
| गैर कृषि ( उद्योग र सेवा) क्षेत्र | रु. दशलाखमा | २५१४.३ | २७४०.६ | २९८७.२ | ३२२६.२ | ३५८१.१ |
| प्रतिव्यक्ति वार्षिक औसत आय | अमेरिकी डलर | ७९९ | ८६२ | ९३३ | ९९८ | १०९० |

## २.५ मध्यमकालीन बजेट खाका

नगर विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई नगरपालिकाको त्रिवर्षीय बजेट खाका तयार गरिएको छ । मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ । माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ। विभिन्न खालको विपद्, जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। विपद्ले सिर्जना गरेका विकासका अवसरहरुको उपयोग गर्ने खालका विकास कार्यक्रमको तर्जुमालाई प्राथमिता दिइएको छ।

नगर विकासका आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमको लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन

योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ । मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, देशको समग्र आर्थिक स्थितिमा आएको सुस्तता तथा अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई पनि ध्यान दिइएको छ ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८०/८१ को बजेट राजस्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको नगर विकास योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाइ प्रमुख आधार मानिएको छ । प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ । आगामी आ.व.हरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगत आ.व.हरुको स्रोत संकलन, चालु आ.व.को अनुमान तथा जेठ मसान्तसम्मको संकलन, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ ।

नगरपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब ७७ करोड (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ६० करोड ८० लाख, राजस्व बाँडफाटबाट रु. ३० करोड ८० लाख र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १ अर्ब ९९ करोड ९ लाख ११ हजार (६१ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ९२ करोड व्यहोरिने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ ।

तालिका २.३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. करोडमाा)

| विवरण | २०७७/ ७८ | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | २०८१/ ८२ | २०८२/ ८३ | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| बजेट अनुमान | | | | | | | |
| चालु बजेट | २४.८२ | २९.८१ | २६.१ | २७.४ | ३०.१ | ३१.७ | ८९.२ |
| पूँजीगत बजेट | २५.६ | २७.५३ | २४.१ | २६.५ | २९.२ | ३२.१ | ८७.७ |
| कुल बजेट | ५०.४२ | ५७.३४ | ५०.२ | ५३.९ | ५९.३ | ६३.७ | १७७.० |
| स्रोत अनुमान | | | | | | | |
| संघ, प्रदेश अनुदान | २६.२ | २७.१ | ३२.२ | ३०.६ | ३०.६ | ३०.९ | ९२.१ |
| राजश्व बाँडफाँट | ५.६ | ५.६ | ९.२ | ९.७ | १०.१ | ११.० | ३०.८ |
| आन्तरिक आय | १४.५ | ०.८ | १६.८ | १८.५ | २०.३ | २२.० | ६०.८ |
| जम्मा आय | ४६.३ | ३३.५ | ५८.२ | ५८.७ | ६१.१ | ६३.८ | १८३.६ |
| बचत वा न्यून | -४.१२ | -२३.८४ | ८ | ४.८ | १.८ | ०.१ | ६.७ |

## परिच्छेद - तीन

# आर्थिक क्षेत्र

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ । आर्थिक क्षेत्र अन्तर्गत कृषि तथा पशुपंक्षी, जलस्रोत तथा सिञ्चाई र उद्योग उपक्षेत्र समेटिएको छ ।

**तालिका ३.१: आर्थिक विकास अन्तर्गतका केही उपक्षेत्रमा विनियोजित बजेट** (रु. हजारमा)

| उपक्षेत्र | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|
| | परियोजना संख्या | विनियोजित बजेट | परियोजना संख्या | विनियोजित बजेट | परियोजना संख्या | विनियोजित बजेट |
| कृषि तथा पशुपंक्षी | ३२ | १७९२७ | १९ | १०८०० | ४० | २६२७१ |
| जलश्रोत तथा सिञ्चाई | १२ | ३१५० | १३ | १८८६२ | १६ | १४६०० |
| उद्योग | ३ | २४०० | ३ | २७०० | ८ | २८२९ |
| जम्मा | ४७ | २३४७७ | ३५ | ३२३६२ | ६४ | ४३७०० |

आर्थिक विकास अन्तर्गतका कृषि तथा पशुपंक्षी, जलश्रोत तथा सिञ्चाई, उद्योग जस्ता उपक्षेत्रहरुमा तीन वर्षको कुल १४ करोड ८९ लाख रुपैयाँ बजेट प्रक्षेपण गरिएको छ । यी उपक्षेत्रहरुमा सबैभन्दा बढी कृषि तथा पशुपंक्षी उपक्षेत्रमा रु. ८ करोड ७८ लाख, जलस्रोत तथा सिंचाईमा ५ करोड १८ लाख वजेट अनुमान गरिएको छ ।

तालिका ३.२: आर्थिक विकासका उपक्षेत्रमा विनियोजित बजेट र मध्यमकालीन प्रक्षेपण (रु. हजारमा)

| उपक्षेत्र | विनियोजित बजेट (रु. हजार) | | मध्यमकालीन प्रक्षेपण (रु. हजार) | | | तीन वर्षको कुल |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| कृषि तथा पशुपंक्षी | १०८०० | २६२७१ | २७८४७ | २९२४० | ३०७०२ | ८७७८८ |
| जलश्रोत तथा सिञ्चाई | १८८६२ | १४६०० | १६०६० | १७३४५ | १८३८५ | ५१७९० |
| उद्योग | २७०० | २८२९ | २९७० | ३११९ | ३२७५ | ९३६४ |
| **जम्मा** | ३२३६२ | ४३७०० | ४६८७८ | ४९७०३ | ५२३६२ | १४८९४३ |

## ३.१ कृषि तथा पशुपन्छी

### ३.१.१ पृष्ठभूमि

कर्जन्हा नगरपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो। जनसंख्याको अधिकाश संख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेको एवं कृषि क्षेत्रमा साना र मझौला किसानहरुको बढी संलग्नता रहेको छ। मुलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरुको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रवाट श्रमशक्तिको पलायन बढ्दो छ।

सिञ्चाइ सुविधाको अभावमा कृषि क्षेत्रमा उपलब्धि गुमिरहेको छ। कृषि क्षेत्रको प्रमुख वाली अन्तर्गत खाद्यान्न, फलफुल, तरकारी, माछामासु आदी पर्दछन् । आर्थिक कृयाकलापमा बृद्धि ल्याउन कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गर्न आवश्यक छ। दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको आयमा बृद्धि हुने गरी नगरपालिकाको स्रोत साधन परिचालन गरिनेछ। यसबाट रोजगारीमा बृद्धि भई स्थानीय जनताको आय आर्जनमा बृद्धि हुनेछ। उक्त सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गरी लगानीको वातावरण निर्माण गरिनेछ।

### ३.१.२ समस्या तथा चुनौती

यस नगरपालिकाको कृषि विकासमा सिंचाइ सुविधाको अभाव, स्रोत साधन र सामाग्रीको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम

घर, संकलन केन्द्र आदी कृषि विकासको मुल समस्याको रुपमा लिइएको छ । साथै उत्पादित कृषि उपजको बजारीकरण एवं उचित मूल्यमा विक्री वितरण हुन नसक्नु पनि समस्या रहेको छ ।

### ३.१.३ लक्ष्य

दिगो र व्यावसायिक विकासद्वारा कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आय आर्जन उन्मुख वनाउने ।

### ३.१.४ कृषि तथा पशुपन्छी सम्वन्ध नीति :

- कृषिको विशिष्टीकरण, विविधीकरण, आधुनिकीकरण तथा व्यावसायीकरण गरी उत्पादन परिमाण तथा गुणस्तर अभिबृद्धि गर्ने नीति लिइनेछ । परम्परागत कृषि पेशालाई व्यावसायिक कृषि विकासका लागि दीर्घकालीन रणनीतिक गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- कर्जन्हा नगरपालिकाका ११ वटै वडामा प्राविधिक तालिम उपलब्ध गराई “एक वडा एक उत्पादन, कार्यक्रम, संचालन गरिनेछ ।
- कृषियोग्य भूमिको पूर्ण उपयोग, सुनिश्चित गर्न नगरभित्र रहेका कुनैपनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन । व्यक्तिगत वा संघ संस्थाका स्वामित्वमा रहेका बाँझो जमिनमा खेती गर्न चाहने
- कृषक वा समुहलाई दुवै पक्षसँग आवश्यक समनवय गरी खेती गर्न प्रेरित गरिनेछ । जमिनमा खेती गर्न चाहने जो कोही किसानलाई उत्पादनको मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ । खाली जमिनमा असल कृषि अभ्यास कार्यक्रम संचालन गरिनेछ ।
- अर्गानिक कृषि उत्पादन गर्ने किसानलाई हावा अनुकूल तथा भू-बनावटको आधारमा बिऊ तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ ।
- अस्वस्थ्य खुल्ला मासु बिक्री वितरण, ओसारपसार तथा पशु बधशालाहरुलाई व्यवस्थित गर्न मापदण्ड बनाइनेछ ।
- नगरभित्र उत्पादित कृषि उपजको सहज पहुँचका लागि बजार सुनिश्चित गर्न आवश्यक स्थानमाथोक तरकारी खरिद बिक्री केन्द्र स्थापना गरिनेछ ।

- कृषक समूह र सहकारी संस्था गठन गर्न प्रोत्साहित गरिने, कृषकको बर्गीकरण गर्ने र सोही अनुसार सुविधा एवं अनुदानको व्यावस्था गरी कृषि पेसालाई पुरस्कृत एवं सम्मानित गरिनेछ ।
- कृषि पेसा तथा जैविक र व्यावसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।
- जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना तथा उत्पादन प्रविधि र प्रसार कार्यक्रमको संचालनको व्यवस्था गरिनेछ ।
- उन्नत जातका बाख्रा, गाई, भैसीपालनलाई सहुलियत प्रदान गदै कृत्रिम गर्भाधानबाट सुत्केरी भएको भैंसी तथा गाईलाई सुत्केरी भत्ता बापत् रु ५०० दिने कार्यक्रम संचालन र विस्तार गरिनेछ । पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइनेछ ।
- च्याउ, कुखुरापालन, फलफूल खेती, बाख्रापालन, गाईपालन, फलफूल उत्पादनका लागि स्थान, माटो र हावापानी अुसारको बाली छनौट गरि व्यावसायिक उत्पादनको लागि कृषि प्रसार तथा प्रविधि हस्तान्तरण गरिनेछ । कृषि मल, बिऊ तथा कृषि औजारहरुको वितरणको लागि निर्देशिका बनाई कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको जमिनमा फलफुल तथा नर्सरी स्थापना गरी नगरपालिकालाई चाहिने बिरुवा आफै उत्पादन गर्ने नीति लिइएको छ ।
- छरिएर रहेका किसानहरुलाई समूहमा आवद्ध गरी व्यावसाय संचालन सम्बन्धी ज्ञान सीप र प्रविधि हस्तान्तरण गरिनेछ । यसका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गर्ने नीति लिइनेछ ।
- कृषि खेतीमा कम्तीमा १ विघा भन्दा माथिका व्यवसायिक खेती गर्ने कृषक समूह र बैदेशिक रोजगारीबाट फर्केका स्थानीय नगरबासीलाई समूहिक कृषि तथा फार्महरु संचालन गरी त्यसमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ, उक्त अनुदान कार्यक्रमहरु कार्यविधि बनाई सो कार्यविधि अनुसार लागू गरिनेछ ।
- कृषि तथा पशु विभागमा नेपाल सरकारबाट ८० प्रतिशत अुनुदान दिने निर्णय भएको बीमा कार्यक्रम थप प्रभावकारी गर्ने नीति लिइएको छ ।

- प्राविधिकहरु किसानहररुको गोठ वा फर्ममा पुगी पशुपंक्षी सम्बन्धी सेवा दिने तथा कृषकहरुको खेतीबाली लगाएकै ठाउँमा गएर बालीनाली सम्वन्धी सेवा दिने प्रवन्ध मिलाइनेछ ।
- प्राङ्गारिक मल बनाउने विधिको विषयमा अध्ययन अनुसन्धान गर्ने नीति तय गरिनेछ ।
- किसानलाई प्रोत्साहन गर्न तथा युवालाई कृषिमा लाग्न उत्प्रेरित गर्न कृषि बिऊ बिजन, मलखाद तथा औषधीमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।
- माटो अनुसार उत्पादन बढाउन र बाली लगाउन कृषि योग्य भूमि पहिचान गरी माटो परीक्षणको व्यवस्था मिलाइने छ ।
- बैदेशिक रोजगारी गुमाएका युवालाई सामूहिक खेती गर्न प्रेरित गरी कृषिमा लाग्न बैंकबाट सहुलियत कर्जा प्राप्तिका लागि नगरपालिका जमानत बस्ने व्यवस्थाको पहल गरिनेछ ।
- नगरपालिकाभित्र किसान ज्ञान पाठशाला निर्माण र संचालनको व्यवस्था मिलाइनेछ ।

### ३.१.५ रणनीति

- कृषि उत्पादन र उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनबाट आधारभुत आय हासिल गर्ने ।
- कृषि क्षेत्रको अतिरित्त श्रमशक्तिलाई कृषि तथा गैरकृषिमा आधारित सेवा र उद्योग क्षेत्रतर्फ आकर्षित गरी यस क्षेत्रमाथिको निर्भरता कमगर्ने ।
- जलवायु परिवर्तन र प्रकोपवाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने ।
- सिंचाइका उपयुत्त प्रविधि समेतको उपयोग गरी सिञ्चित क्षेत्र विस्तार गर्ने ।

### ३.१.६ परिमाणात्मक स्थिति

कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भर भई कृषि उपज निर्या भएको हुने हुने ।

### ३.१.७ अपेक्षित उपलब्धि

कृषि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी स्थानीय अर्थतन्त्रमा टेवा पुग्नेछ ।

### तालिका ३.३: कृषि तथा पशुपंक्षी विकासका मुख्य कार्यक्रम

| कार्यक्रम | इकाई | आधार वर्ष २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|---|---|
| आँप बगैंचा | बिघा | ११६ | १२३ ( अघिल्लो आ.वमा थप ७ बिघा | | | १८० बिघा | नपा, कृषि शाखा |
| व्यवस्थित बगर खेती (तर्वुजा, खर्बुजा) | बिघा | आँप खेती गरिएका स्थानमा खर्बुजा खेती गरिने | | | | १८० बिघा | नपा, कृषि शाखा |
| माटो परीक्षण | | | | | | प्रत्येक वडाको माटो परीक्षण गरी उत्पादन सम्भावनाको एकीन गरीनेछ। | नपा तथा वडा कार्यालयले ले विशेषज्ञको सहयोगमा |
| कृषि प्रविधि विकासका लागि कृषि अनुसन्धान कार्यक्रम | वटा | | १ | १ | १ | ४ | नपा, कृषि शाखा |
| नमूना सामूहिक कृषि फार्म स्थापना र सहयोग कार्यक्रम | वटा | | २ | ३ | ३ | ८ वटा | नपा, कृषि शाखा |
| मल तथा बिउविजन | पटक | | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |

| कार्यक्रम | इकाई | आधार वर्ष २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|---|---|
| वितरण कार्यक्रम | | | | | | | |
| कृषियन्त्र वितरण कार्यक्रम | पटक | | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |
| किसानसँग विज्ञ कार्यक्रम | पटक | | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |
| स्कुल बालबालिकासँग कृषि कार्यक्रम | | | १ | १ | १ | प्रत्येक वर्ष | नपा, कृषि शाखा |
| कृषि सम्वन्धी तथ्यांक अध्यावधिक गर्ने | | | बेसलाइन सर्भे गर्ने | | | प्रत्येक वर्ष अध्यावधिक गर्ने | नपा, कृषि शाखा |
| व्यवस्थित स्लटर हाउस स्थापनाको लागि जनचेतना तथा अभिमुखीकरण कार्यक्रम | पटक | | १ | १ | १ | प्रत्येक वर्ष | नपा |
| सुलभ कर्जा प्राप्त गर्न बैंकिंग सचेतना तथा अभिमुखीकरण कार्यक्रम | पटक | | ३ | २ | १ | घरेलु साना उद्योग गर्न चाहने तथा कृषि मा लाग्ने सबैमा सुलभ कर्जा प्राप्त गर्ने | नपा रबैंक तथा वित्तीय संस्थासँगको सहकार्य |
| कृषि तथा पशुपंक्षी बीमा सचेतना कार्यक्रम | पटक | | १ | १ | १ | प्रत्येक वर्ष | नपा, बीमा कम्पनीका शाखासँगको सहकार्यमा |

## ३.२ सिँचाइ

### ३.२.१ पृष्ठभूमि

यस कर्जन्हा नगरपालिका भएर बहने विभिन्न नदी, खोला र जमिन मुनीरहेको जलस्रोतबाट नगरपालिकाको खेती योग्य भुमीमा सिँचाइ सुविधा पुऱ्याइ रोजगारी र आर्थिक विकासका नयाँ क्षेत्रहरुको ढोका खुल्न सक्ने देखिन्छ । यसबाट नगरपालिकाको खाद्यन्न उत्पादनमा बृद्धि भइ खाद्य सुरक्षाको अवस्थामा सुधार गर्न र निर्यातमा योगदान पुग्ने देखिन्छ ।

नगरपालिकामा सिञ्चाईको अवस्था तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.४: सिंचाई आयोजना**

| आयोजनाको नाम | वडा नं. | सिंचाईको किसिम | सिंचाई हुने क्षेत्रफल (बिगाहा) | सिंचाईको उपलब्धता | लाभान्वित घरधुरी |
|---|---|---|---|---|---|
| कमला कुलो सिंचाई आयोजना | १ | कुलो | २०० | वर्षभरी | ५१३ |
| कमला पैनी | २ | कुलो | ३०० | वर्षभरी | ५०० |
| कमला सिंचाई आयोजना | ४ | कुलो | ५० | मौसमी | १०० |
| डिप बोरिङ्ग | ४ | पाईप | २०० | वर्षभरी | ३५० |
| कमला सिंचाई आयोजना | ५ | कुलो | १०० | मौसमी | ५० |
| कमला सिंचाई आयोजना | ५ | नहर कुलो | २५० | मौसमी | २५० |
| कमला सिंचाई आयोजना | ६ | नहर | ६०० | मौसमी | ३०० |
| कमला सिंचाई आयोजना | ६ | नहर | ६०० | मौसमी | ३०० |
| कमला सिंचाई आयोजना | ७ | नहर | ८०० | मौसमी | ७०० |
| कमला सिंचाई आयोजना | ८ | नहर | ३५० | मौसमी | २०० |
| कमला सिंचाई आयोजना | ९ | नहर | ४०० | मौसमी | ० |
| स्टेट बोरिङ्ग | ११ | कुलो | १५ | मौसमी | २५ |
| **जम्मा** | | | **३८६५** | | **३२८८** |

*स्रोत: नगर वस्तुगत विवरण २०७५*

### ३.२.२ समस्या तथा चुनौती

प्राकृतिक प्रणालीमा आधारित नदी भएकोले वर्षैभरी भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउन नसक्नु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दैजानु, नदीजन्य निर्माण सामाग्रीको अत्यधिक दोहन हुनाले नदीको बेड लेभल घट्दै जानु आदी यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ३.२.३ लक्ष्य:

कृषि योग्य भूमिमा दिगो एवम् भरपर्दो सिँचाई सुबिधा उपलब्ध गराउने ।

### ३.२.४ रणनीति

- मुख्य कुलोहरुको स्तर उन्नति गरी कृषि श्रेत्रको खम्वाको रुपमा विकास गरिने ।
- सिंचाई पूर्वाधारको मर्मत सम्भार तथा नियमितताका लागि उपभोक्ताको सहभागितालाई प्रवर्द्धन गरिने ।
- सिंचाइ सुविधा उपलब्ध नरहेको खेतीयोग्य जमिनमा डिप बोरिङ्को व्यवस्था गरी सिँचाइ सुविधालाई प्रभावकारी बनाइने ।
- कृषि विकास रणनीति अनुसार गुरुयोजना बनाई सिँचाई योजनाहरुको विकास एवम्विस्तार गर्ने ।
- छिमेकी स्थानीय तह, संघ र प्रदेश संग समन्वय गरी बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुने आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने ।

### ३.२.४ परिणात्मक स्थिति

कृषि योग्य जमिनमा बाह्रै महिना सिञ्चाई सुविधा उपलब्ध हुन सक्ने ।

### ३.२.५. अपेक्षित उपलब्धि

सिञ्चाई सेवाको विकास र विस्तार भई खेतीयोग्य जमीनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ ।

**तालिका ३.५: सिञ्चाईका मुख्य कार्यक्रम**

| कार्यक्रम | इकाई | आधार वर्ष २०७९/८० | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|---|---|
| कमला कुलो सिंचाई आयोजना | बिगाहा | २०० | थप १५० | नपा, कृषि तथा भौतिक पूर्वाधार शाखा |
| कमला पैनी | बिगाहा | ३०० | थप १५० | नपा, कृषि तथा भौतिक पूर्वाधार शाखा |

## ३.३ भूमि व्यवस्था

### ३.३.१ पृष्ठभूमि

भूमिको समुचित उपयोग सुनिश्चि गर्न स्थानीय जनताको स्वामित्व रहेको जमीन र सार्वजनीक जमीनको पारदर्शिता, जवाफदेहिता, विद्यमान ऐन, नियमका आधारमा नगरपालिकाले जनताको भावना, जमीनको उत्पादन तथा उत्पादकत्वको सम्भावना, दिगो उपयोगको सम्भावनालाई ध्यानमा राखी जमीनको प्रभावकारी परिचालन गरिने छ ।

### ३.३.२ समस्या र चुनौती

कृषि योग्य भूमिको खण्डिकरण, योजनाबद्ध बसोबास प्रणालिको व्यवस्था लागु नहुनु। भूउपयोग योजना तयार गरी कार्यान्वयन नहुनु, नापनक्सा कार्यमा समयानुकुल आधुनिक प्रविधिको अवलम्वन यस क्षेत्रका प्रमुख चुनौति हुन् ।

### ३.३.३ लक्ष्य

भूमि व्यवस्थालाई नगरपालिकाको दिगो विकासको आधार बनाउने ।

### ३.३.४ रणनीति

- भूमि सम्बन्धी समस्या समाधान आयोग र कर्जन्हा नगरपालिकाबीच भएको साझेदारी बमोजिम यस नगर क्षेत्रभित्र रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापनतर्फ पहल गरिनेछ ।
- जनसहभागिता जुटाई क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा भूमिको वर्गिकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन बृद्धि गर्ने ।
- आधुनिक प्रविधिमा आधारित नाप नक्सा तयार गर्ने ।

### ३.३.५ अपेक्षित उपलब्धि

गुणस्तरीय भौगोलिक सूचना प्रणालि विकास भई नीत निर्माण, योजना तर्जुमा र विकास निर्माण कार्य गर्न सहज भएको हुनेछ ।

तालिका ३.६: अपेक्षित उपलब्धि

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| निजी, गुठी, सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख अध्यावधिक | काम सम्पन्न भएको हुने | नपा |
| भूउपयोग तथ्यांक अध्यावधिक गर्ने | काम सम्पन्न भएको हुने | नपा |
| भूमिहीन तथा सुकुम्वासीहरुको अभिलेख राख्ने | काम सम्पन्न भएको हुने | नपा |

## ३.४ सहकारी तथा गरिबी निवारण

### ३.४.१ पृष्ठभूमि

कर्जन्हा नगरपालिकामा २० सहकारी संस्थाहरु सञ्चालनरत छन् । यी मध्ये नौ कृषि सहकारी, आठ बचत तथा ऋण सहकारी र दुई उपभोक्ता सहकारी रहेका छन् ।

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवर्द्धन र परिचालन गर्दै गरिबी निवारण गर्ने तर्फ यस नगरपालिकाले कार्य गर्नु पर्नेछ । सबै कृषकले सबै क्षेत्रमा उत्पादन गर्न सक्दैनन्, लागत तथा आर्थिक कियाकलाप र जमिन र भुगोलका कारण सबै क्षेत्र उपयोगी हुदैन पनि त्यसकारण नगरपालिकाले सर्वेक्षण गरि निश्चित क्षेत्र र व्यवसाय तोकि एक क्षेत्र/गाँउ एक उत्पादनमा जोड दिनु उपयुक्त हुन्छ ।

### ३.४.२ समस्या र चुनौती

सहकारीहरुमा सहभागी सदस्य, लाभान्वीत संख्या र सहकारीको उद्धेश्य सम्बन्धमा तथ्याङ्क संकलन नभएको ।

### ३.४.३ लक्ष्य

स्थानीय आर्थिक विकासमा सहकारीको प्रवर्द्धन र परिचालन गर्दै गरिबी निवारणमा सघाउ पुऱ्याउने ।

### ३.४.४ सहकारी नीति

- सहकारीलाई व्यावस्थित गर्न, सहकारी, संघ-संस्था ऐन कार्यान्वयनमा ल्याइने छ । नगर क्षेत्रभित्रका सहकारीहरुको प्रभावकारी अनुगमन गरी राजस्वको दायराभित्र ल्याइनेछ । कृषि

सहकारीहरुलाई सम्भाव्यताको आधारमा अध्ययन नमूना सहकारीको स्वरुपमा विकास गरिनेछ ।

- नगरक्षेत्रभित्रका सहकारीहरुले त्रैमासिक रुपमा तोकिएको ढाँचामा नगरपालिकामा विवरण बुझाउनुपर्ने व्यवस्था मिलाइनेछ ।
- सहकारी संघ-संस्थाहरुको एकीकरण प्रक्रियालाई प्रोत्साहन गर्दै सहकारीका सिद्धान्त तथा मूल्य मान्यतालाई व्यवहारमा उतार्ने नीति अवलम्वन गरिनेछ ।
- सामाजिक उत्तरदायित्व बापतको १.५ प्रतिशत तिर्ने सहकारीहरुको प्रवर्द्धनमा जोड दिइनेछ ।
- सहकारीका सुपथ मूल्य पसल खोल्न प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ । सहकारी संघ-संस्था मार्फत् किसानलाई चाहिने मलखाद बिऊ बिजन औषधि बिक्री वितरणको व्यवस्था मिलाइनेछ ।
- सहकारी संस्था दर्ता नियमन गर्न सहजता अपनाइनेछ ।

### ३.४.५ रणनीति तथा कार्यनीति

- एक क्षेत्र/गाँउ एक उत्पादनमा
- प्रत्येक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरी सहकारीहरुलाई परिचालन गर्ने
- विषगतरुपमा दुग्ध विकास, पशु विकास, घरेलु तथा लघु उद्यम, कृषि खाध्य तथा उत्पादन विकास, पशुपंक्षी विकास, विउ विजन विकास, तरकारी तथा फलफुल विकास र वचत तथा ऋण जस्ता सहकारीहरुको प्रवर्द्धन र परिचालन गर्ने ।

### ३.४.६ परिणात्मक स्थिति

स्थानी स्तरमा हरेक परिवार सहकारीमा आवद्ध भएका हुनेछन । प्रतेक वडामा एक संकलन तथा विकी केन्द्रको स्थापना गरि सहकारीहरु परिचालन भएका हुनेछन्

### ३.४.७ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य १ हासिल गर्ने ।

**तालिका ३.७: सहकारी र गरीबी निवारणसँग सम्वन्धित मुख्य कार्यक्रम**

| कार्यक्रम | कसरी गर्ने, योजना अवधिको लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| नगर क्षेत्रभित्रका सहकारीहरुको प्रभावकारी अनुगमन | नियमित, वर्षको कम्तीमा ४ पटक | नपा |
| कृषि सहकारीहरु क्षेत्र सम्भाव्यताको अध्ययन | पहिलो वर्ष | नपा |
| कृषि नमूना सहकारी स्थापना  गर्न प्रोत्साहन | नपा भित्र कमसे कम ५ वटा | |
| सहकारीका सुपथ मूल्य पसल खोल्न प्रोत्साहिन | कमसेकम प्रत्येक वडामा एक | |
| सहकारी संघ-संस्था मार्फत् किसानलाई चाहिने मल, बिऊ बिजन औषधि बिक्री वितरणको व्यवस्था | नियमित, वार्षिक | नपा |
| गरिब घरपरिवारको तथ्यांक संकलन | पहिलो वर्षमा तथ्यांक संकलन गर्ने | नपा |
| गरिब घरपरिवारलाई करार खेतीमा आवद्ध गर्ने | गरिब घरपरिवार पहिचानपछि दोस्रो वर्षबाट | नपा |

## ३.५ उद्योग, वाणिज्य तथा आपूर्ति

### ३.५.१ पृष्ठभूमि

नगरपालिकाले स्थानीय जनतालाई उद्यमशील बनाई घरेलु, साना तथा मझौला उद्योगको विकास र विस्तारमा संलग्न गराएर नगरपालिकाको आर्थिक विकासलाई गतीशील बनाउन आवस्यक छ । उद्योगको विकासले रोजगारीको अवसरमा बृद्धि हुनुका साथै स्थानीय स्रोत साधनको उच्चतम परिचालन समेत हुने छ ।

कर्जन्हा नगरपालिकामा कुल ५ सय ४९ व्यवसायिक प्रतिष्ठानहरु रहेका छन् भने यी प्रतिष्ठानहरुमा ८ सय ३० पुरुष र ३ सय ९७ महिला गरी कुल एक हजार २ सय २७ जना संलग्न छन् । संख्याको आधारमा वडा नं. दुईमा १२८ र वडा एक मा सबैभन्दा कम १९ यस्ता व्यवसायिक प्रतिष्ठानहरु रहेका छन् ।

तालिका ३.८: कर्जन्हा नगरपालिकामा भएका व्यवसायिक प्रतिष्ठानहरु

| वडा नं | व्यवसायिक प्रतिष्ठानको संख्या | संलग्न व्यक्ति | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| १ | १९ | २४ | १२ | १२ |
| २ | १२८ | २५२ | १५० | १०२ |
| ३ | ६९ | १०८ | ८७ | २१ |
| ४ | ४७ | ९३ | ६२ | ३१ |
| ५ | २२ | ४७ | ३१ | १६ |
| ६ | २७ | ४५ | २२ | २३ |
| ७ | ३८ | ८५ | ६१ | २४ |
| ८ | २६ | ७८ | ३८ | ४० |
| ९ | १३ | २६ | १८ | ८ |
| १० | ५९ | २१८ | १६० | ५८ |
| ११ | १०१ | २५१ | १८९ | ६२ |
| **जम्मा** | **५४९** | **१२२७** | **८३०** | **३९७** |

*स्रोतः राष्ट्रिय आर्थिक सर्वेक्षण, २०७५*

### ३.५.२ समस्या र चुनौती

- स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, साना उद्यमीको उत्पादन बाहिरी ठूला उद्योगको उत्पादन संग बजारमा प्रतिस्पर्धा गर्न नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि संग अन्य क्षेत्र जस्तै वन, खानी जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन् ।
- लगानी मैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौति हुन् ।

### ३.५.३ लक्ष्य

- घरेलु तथा साना उद्योगको विकास र विस्तारबाट नगरपालिकाको आर्थिक विकासमा योगदान गर्ने ।
- आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउदै, तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गरिनेछ ।

### ३.५.४ उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी नीति :

- नगरपालिकाको आर्थिक वृद्धि दर र प्रति व्यक्ति आय बढाउन बाह्य तथा आन्तरिक लगानी र प्रविधिको प्रवर्द्धन गरिनेछ ।
- स्थानीय कच्चा पदार्थको आधारमा उद्योगको स्थापना गर्न प्रोत्साहन दिइने छ । मुख्य बजार क्षेत्रहरुमा बिक्री कक्ष, प्रर्दशनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको बजार प्रवर्द्धन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा स्थापना भई संचालनमा रहेका सबै प्रकारका उद्योग, व्यापार व्यवसायको स्वीकृत मापदण्ड अनुसार दर्ता वा अनुमति नवीकरण, नियमन, खारेजी र लगतकट्टाको व्यवस्था गरिनेछ ।
- नगरबासीको कर तिर्न सक्ने क्षमताको आधारमा राजश्वको दायरा बृद्धि गरिने छ । स्थानीय स्रोत साधनको उचित प्रयोगमार्फत् राजश्वको दायरा फराकिलो बनाउँदै लैजाने नीति अवालम्वन गरिनेछ ।
- भू-उपयोग नीति बनाई कृषि/पशुपालन, उद्योगधन्दा संचालन क्षेत्र, आवस क्षेत्र निर्धारण गरी त्यही बमोजिम नीति बनाई उद्योग व्यवसायीलाई आकर्षित गर्ने योजना कार्यान्वयनमा ल्याइनेछ ।

### ३.५.४ रणनीति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन गर्ने ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण गर्ने ।
- स्थानीय श्रमीकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने ।

### ३.५.५ परिणात्मक स्थिति

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन भएको हुनेछ ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण हुने छ ।

### ३.५.६ अपेक्षित उपलब्धि

स्थानीय आर्थिक विकासमा उल्लेख्य सुधार भएको हुनेछ ।

**तालिका ३.९: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| औद्योगिक तथ्यांक संकलन तथा संभाव्यता अध्ययन | औद्योगिक तथ्यांक संकलन तथा संभाव्यता अध्ययन सम्पन्न भई नीति निर्माणमा सहयोग पुग्नेछ । | नपा |
| वडा नं १ मा औद्योगिक ग्रामको स्थापना | औद्यिोगिक ग्रामको स्थापना भई सकेको हुनेछ, उद्योगहरुको लागि आवश्यक सडक, विद्युत जस्ता पूर्वाधर उपलब्ध हुनेछ । | नपा |
| आँप, लिची जस्ता स्थानीय उत्पादनमा आधारित साना तथा घरेलु उद्योग सञ्चालन तालिम | आँप, लिची जस्ता स्थानीय उत्पादनको बजार विस्तार र मुल्य अभिवृद्धिको लागि साना तथा घरेलु उद्योग सञ्चालन तालिम दिइनेछ । | नपा तथा विज्ञसँगको सहकार्य |

## ३.६ संस्कृति तथा पर्यटन

### ३.६.१ पृष्ठभूमि

नगरपालिकाको आर्थिक विकासका विभिन्न क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपूर्ण क्षेत्र हो। आफूसँग भएको भौतिक तथा प्राकृतिक सम्पदा, धार्मिक तथा पर्यटकीय स्थल, आफ्नो सामाजिक, भाषिक, सांस्कृतिक जीवन पद्दति आदि सम्बन्धी विषयबारे अरुलाई जानकारी गराई ती स्थानहरुमा भ्रमण गराई आय आर्जन गर्न सकिने व्यवसाय पर्यटन उद्योग हो । नगरपालिकाले संस्कृतिको जगेर्ना तथा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना भएता पनि उल्लेख्य काम गर्न सकिएको छैन ।

### ३.६.२ समस्या र चुनौती

नगरपालिका भित्र आवश्यक मात्रामा स्तरीय होटल हुन नसक्नु, यस क्षेत्रको धार्मिक, ऐतिहासिक, मनोरम क्षेत्रको महत्व बारे पर्याप्त मात्रामा प्रचार प्रसार हुन नसक्नु, यस क्षेत्रमा उत्पादन हुने खाद्यान्न आदीको पहिचान हुन नसक्नु पर्यटन विकासको समस्या हो भन्न सकिन्छ ।

### ३.६.३ लक्ष्य

धार्मिक तथा मनोरञ्जनका लागि नेपाल आएको वाह्य तथा आन्तरिक पर्यटकलाई आकर्षित गर्ने ।

### ३.६.४ पर्यटन तथा संस्कृति सम्बन्धी नीति :

- नगर क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको योजनाबद्ध विकास गर्न तथा यस नगरपालिकालाई दीगो पर्यटनमैत्री नगरको रुपमा विकास गर्न पर्यटन गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- यस नगर क्षेत्रमा भएका धार्मिक तथा गुठिका सम्पदाहरुको संरक्षण र सम्वर्द्धन तथा उचित प्रयोग गर्दै धार्मिक पर्यटनलाई सुदृढ बनाइनेछ । नगरभित्रको धार्मिक तथा पर्यटन क्षेत्र उत्तरवाहिनी, कमला व्यारेज, नन्दबाबा मन्दिर, मरेवा घाट, बाबा ताल तथा अन्य मठमन्दिरको संरक्षण, पूर्वाधार निमार्ण तथा सुदृढीकरणलाई निरन्तरता दिई आन्तरिक तथा बाह्य पर्यटक लाई आकर्षित गर्न सामाजिक सञ्जाल र विद्युतीय माध्यमबाट व्यापक प्रचार प्रसार गरी जानकारी गरइनेछ ।

- उपयुक्त स्थानहरुको पहिचान गरी स्थानीय बाल उद्यान निर्माण गरिनेछ ।
- नगरपालिकास्थित व्यस्त बजार तथा महत्वपूर्ण स्थानमा निगरानी तथा सुरक्षा व्यवस्थापन सुदृढ गर्नका लागि सडक बत्ती र सिसिटिभि क्यामेरा जडान गरिनेछ, साथै त्यस्ता ठाउँहरुलाई Free WiFi Zone बनाइनेछ ।
- नगरपालिकामा पर्यटन विकास तथा सांस्कृतिक संरक्षण समिति गठन गरी पर्यटन विकास, संस्कृति संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- नगरभित्रको कला, संस्कृति, रीतिरिवाज, परम्परा जीवन्त तुल्याउन पुरातात्विक स्वरुप कायम गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

### ३.६.४ रणनीति

- होटल तथा होमस्टे निर्माणमा सहजीकरण गर्ने ।
- स्थानीय कृषि तथा पशुपंक्षी उद्यमशीलतामा प्रबर्द्धन गर्ने ।

### ३.६.५ परिणात्मक स्थिति

पर्यटकको आकर्षण बढाउनका लागि होटल तथा होमस्टेको व्यवस्था गरिने छ । पर्यटकिय क्षेत्रहरुको विकास र प्रवर्द्धन भएको हुनेछ ।

### ३.६.६ अपेक्षित उपलब्धि

पर्यटन क्षेत्रको विकास र विस्तार, नगरपालिकाको आर्थिक विकासको आधार हुनेछ ।

तालिका ३.१०: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| कमला बाबाताल उत्तरबाहिनी पैदल मार्ग विकास गर्ने | कमला बाबाताल उत्तरबाहिनी पैदल मार्गको सम्भाव्यता अध्ययन भएको हुनेछ । | नपा |
| होमस्टे संचालन तालिम | छानिएका ठाउँहरुमा होमस्टे संचलनका लागि स्थानीयलाई तालिम प्रदान तथा अभिमूखीकरण गरिनेछ | नपा |
| पर्यटकीय स्थल तथा उपजहरुको प्रचारप्रसार गर्ने | विद्युतीय माध्यमबाट पर्यटकीय स्थल तथा उपजहरुको प्रचारप्रसार गरिनेछ । | नपा |
| आँप महोत्सव आयोजना गर्ने | वर्षको एकपटक आँप पाक्ने सिजनमा आँप महोत्सव आयोजना गर्ने | नपा, स्थानीय कृषक |

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

यस नगरपालिकाका धेरै जसो मानिसहरु कृषिमा संलग्न रहेको पाइन्छ भने अधिकांश घरबाट युवाहरु वैदेशिक रोजगारीमा गएका छन् । केही युवाहरुको दैनिक ज्यालादारी नै रोजगारको मुख्य स्रोत रहेको पाइन्छ । केही युवाहरु निजी तथा संस्थागत नोकरी तथा आफ्नो व्यापार व्यवसायतर्फ आकर्षित छन् । नगरपालिकाको श्रमजिवी जनसंख्या विदेशमा रोजगारी तथा उच्च शिक्षाका लागि गएको तथ्याङ्कले देखाएको छ ।

### ३.७.२ समस्या र चुनौती

नगरपालिका स्तरमा दक्ष, अर्धदक्ष र सामान्य दक्ष श्रमिक तथा बेरोजगार जनशत्तीको तथ्याङ्क संकलन र सुचीकरण गर्नु तथा हरेक वर्ष अध्याबधिक, वर्गिकरण र विश्लेषण नहुनु प्रमुख समस्याको रुपमा रहेको छ।। बैदेशिक रोजगारमा अधिकांश जनशक्ति रहेको छ। स्थानीय आर्थिक विकासका कार्यक्रमहरु लागु गरि सो जनशक्ति यही श्रम तथा रोजगारी गर्ने वातावरणको श्रृजना गनु आवस्यक छ ।

### ३.७.३ लक्ष्य

उद्यमशीलताको प्रबर्द्धन र रोजगारीको सिर्जना ।

### ३.७.४ रोजगार सम्बन्धी नीति

- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई नगरपालिकाको पहलमा विभिन्न खालका तालिमहरु प्रदान गरी स्वरोजगार तथा सीपमुलक रोजगारीतर्फ प्रेरित गरिनेछ ।
- बेरोजगारहरुको लगत तयार गरी श्रम सूचना बैंक स्थापना गरिनेछ । उभोक्ता समितिमार्फत् कार्यान्वयन हुने आयोजनाहरु स्थापित श्रम बैंकमार्फत् संचालन गरिनेछ । सूचिकृत बेरोजगार माग गरी उपभोक्ता समिति गठन गरेमा नगरपालिकालाई अग्रिम राख्नु पर्ने १० प्रतिशत बापत्को श्रमदान बाध्यात्मक नहुने व्यावस्था गरिनेछ ।
- नेपाल सरकारको उद्योग मन्त्रालयसँग समन्वय गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ । गरिबी निवारण संग सम्वन्धित अन्य निकायलाई यस क्षेत्रमा कार्य गर्न सहजीकरण गरिनेछ ।
- विदेशवाट फिर्ता भएका जनशक्तिहरुलाई कृषि, उद्योग, वाणिज्य तथा स्वरोजगार सम्बन्धी आर्जित ज्ञान र सीप जस्ता योग्यता अनुभवलाई स्थानिय युवाहरुमा प्रसारित गर्न प्रोत्साहित र सहजीकरण गरिनेछ ।

### ३.७.५ रणनीति

- सिपमुलक र प्राविधिक तालिम, कच्चा पदार्थको व्यवस्था, विउ पूंजी, विकी वितरणको व्यवस्थामा सहजीकरण गर्ने ।
- बैदेशिक रोजगारमा रहेका तथा फर्केका जनशक्तिहरुको तथ्याङ्क संकलन गरि उत्त सिपयुत्तः जनशक्तिको स्थानीय स्तरमा प्रविधि र सिप हस्तान्तरणका लागी उपयुत्त लगानीको वातावरण तथा रोजगारीको सृजना गर्दै पालिकामै उद्यमशीलतामा लगाउन सकिने अवस्थाको विकास गर्ने

### ३.७.६ परिणात्मक स्थिति

- बैदेशिक रोजगारमा जाने दर उल्लेख्यरुपमा घटेको हुनेछ ।
- जनशक्तीको अद्यावधिक तथ्याङ्क हुनेछ ।
- भुमि बैंकको स्थापना भई उद्यमशीलताको प्रबर्द्धन र रोजगारीको श्रृजना भएको हुनेछ ।

### ३.७.७ अपेक्षित उपलब्धि

उद्यमी नगरको रुपमा विकास हुने छ । बेरोजगार संख्या लगभग शुन्यमा पुग्नेछ ।

**तालिका ३.११: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| बेरोजगारहरुको शैक्षिक योग्यता, सिपसहितको तथ्यांक संकलन गर्ने | नगरपालिकमा रहेका बेरोजगार युवाहरुको शैक्षिक योग्यता, सिपसहितको तथ्यांक अद्यावधिक हुनेछ | नपा |
| रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरणसहितको प्रोफाइल तयार गर्ने | रोजगारदाता र श्रमशक्तिको विस्तृत विवरणसहितको अद्यावधिक प्रोफाइल तयार भएको हुनेछ | नपा |
| लैंगिकताको आधारमा ज्यालामा गरिने विभेद हटाउन नियमन तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने (वर्षमा ४ पटक) | लैंगिकताको आधारमा ज्यालामा गरिने विभेद हटेको हुनेछ | नपा |
| प्लम्बिङ्ग, इलेक्ट्रिसियन, ब्युटिसियन, वायरिङ्ग, कपाल काट्ने, गुन्द्री बुन्ने, मोवाइल मर्मत जस्ता सीपमूलक तालिम सञ्चालन (हरेक वर्ष) | प्लम्बिङ्ग, इलेक्ट्रिसियन, ब्युटिसियन, वायरिङ्ग, मोवाइल मर्मत जस्ता सीपमूलक तालिम प्राप्त युवा जनशक्ति तयार हुनेछन् । | नपा |
| विपन्नहरुका लागि सीपमा आधारित उद्यम प्रवर्द्धनका लागि सहयोग कार्यक्रम | विपन्नहरुले सीपमूलक तालिम प्राप्त गरी गरिबी निवारणमा सहयोग पुग्नेछ | नपा |

## ३.८ जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

## परिच्छेद - चार

# सामाजिक क्षेत्र

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको सामाजिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

**तालिका ४.१: सामाजिक विषयक्षेत्रगत कार्यक्रम र बजेट** (रकम रु हजारमा)

| सामाजिक विकासका उपक्षेत्र | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|
| | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट | कार्यक्रम | बजेट |
| भाषा तथा संस्कृति | १३ | ७६५० | ३ | २२०० | ० | ० |
| लैंगिक समानता तथा सामाजिक समावेशिता | १९ | ८३१२ | ५ | ३९५० | १३ | २७५० |
| शिक्षा | ४८ | ७१४७५ | ४० | १०००६३ | ४१ | ८९४१५ |
| युवा तथा खेलकुद | ११ | २९५० | ६ | २००० | ५ | ३६०० |
| खानेपानी तथा सरसफाई | २६ | २२१०० | १२ | २०२४ | १३ | ४९५५ |
| सामाजिक सुरक्षा तथा संरक्षण | ९ | ६४०० | २१ | १२६४२ | ९ | ३६५० |
| स्वास्थ्य | ६७ | ५७४४६ | ३४ | ३५४०६ | ४० | ३४०७२ |
| जनसंख्या बसाईसराई | १ | २३२२ | ० | ० | ० | ० |
| **जम्मा** | **१९४** | **१७८६५५** | **१२१** | **१५८२८५** | **१२१** | **१३८४४२** |

तालिका ४.२ मा सामाजिक क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरुमा विगत दुई वर्षमा भएको बजेट विनियोजन र आगामि तीन वर्षको बजेट अनुमान प्रस्तुत गरिएको छ । जस अनुसार मध्यमकालीन खर्च संरचनाको कुल अवधिमा ४५ करोड ५४ लाख रुपैयाँ बजेट आवश्यक देखिन्छ ।

**तालिका ४.२: सामाजिक क्षेत्रगत खर्चको त्रिवर्षीय अनुमान** (रु हजारमा)

| उपक्षेत्र | २०७८/ ७९ | २०७९/ ८० | २०८०/ ८१ | २०८१/ ८२ | २०८२/ ८३ | तीन वर्षको कुल |
|---|---|---|---|---|---|---|
| भाषा तथा संस्कृति | २२०० | ० | ० | ० | ० | ० |
| लैंगिक समानता तथा सामाजिक समावेशिता | ३९५० | २७५० | २८८७.५ | ३००३ | ३०९३.०९ | ८९८३.५९ |
| शिक्षा | १०००६३ | ८९४१५ | ९२९९१.६ | ९६७११.२६ | १०२५१३.९ | २९२२१६.८ |
| युवा तथा खेलकुद | २००० | ३६०० | ३६३६ | ३७०८.७२ | ३७८२.८९४ | ११११२७.६१ |
| खानेपानी तथा सरसफाई | २०२४ | ४९५५ | ४४५९.५ | ४०१३.५५ | ३२१०.८४ | ११६८३.८९ |
| सामाजिक सुरक्षा तथा संरक्षण | १२६४२ | ३६५० | ३८३२.५ | ४०२४.१२५ | ४२२५.३३१ | १२०८१.९६ |
| स्वास्थ्य | ३५४०६ | ३४०७२ | ३७४७९.२ | ३९३५३.१६ | ४२५०१.४१ | ११९३३३.८ |
| जनसंख्या बसाईसराई | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **१५८२८५** | **१३८४४२** | **१४५२८६.३** | **१५०८१३.८** | **१५९३२७.५** | **४५५४२७.६** |

## ४.१ स्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो । नगरवासीलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ जुन प्रर्याप्त हुन सकिरहेको छैन । यस नगरपालिकाले स्वाथ्य तथा पोषण क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यका साथ कार्य गरिरहेको छ ।

### ४.१.२ समस्या र चुनौती

लक्षित वर्ग पहुंच विहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु । स्वास्थ्य सेवा सर्वसुलभ हुन नसक्नु । जनचेतनाको कमी ।

४.१.३ लक्ष्य

नगरबासीको स्वस्थ्य र पोषणमा सुधार गर्दै नगरविकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने ।

४.१.४. स्वास्थ्य सम्वन्धी नीति

- नगरपालिको ११ वटै वडाको जनतालाई आधारभूत स्वास्थ्य पहुँचको नीति अवलम्वन गरिने । स्वास्थ्य चौकी नभएको वडामा स्वास्थ्य चौकीको व्यवस्थामा पहल गरिनेछ ।
- नगरभित्रैकै बर्थिङ्ग सेन्टरमा सुत्केरी गराउने महिलालाई निःशुल्क एम्बुलेन्सको नीति अवलम्बन गरिनेछ ।
- मापदण्डको आधारमा सःशुल्क तथा निःशुल्क स्वास्थ्य परामर्श सेवा प्रवाहको नीति अवलम्वन गरिनेछ ।
- स्वास्थ्यकर्मीहरुको मनोबलमा बृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षाको सुनिश्चितता गरिनेछ । साथै मापदण्डका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
- गर्भबती महिला तथा सुत्केरी महिलाहरुका लागि विशेष पोषण प्याकेज तथा दीर्घ रोगीहरुका लागि निःशुल्क औषधी एवं अत्यावश्यक तथा आवश्यकीय औषधी र स्वास्थ्य सामग्रीहरुका प्रबन्धको सुनिश्चितता गरिनेछ ।
- नगरपालिकाको पहल, सहयोग तथा समन्वयमा हुने रक्तदान कार्यक्रकमा रगत संकलन तथा भण्डारणको व्यवस्था मिलाइनुका साथसाथै रक्तदान गर्ने रक्तदाता संख्याको आधारमा रु २०० बरावरको फलफूल खर्चको व्यवस्थापन निम्ति उपल्ब्ध गराउने नीति लिइनेछ ।
- ५ वर्षमुनिका सम्पूर्ण बालबालिकाहरुको बृद्धि अनुगमन गरी कुपोषण विहिनतालाई सुनिश्चित गर्न पोषण सहुलियत तथा पोषण सम्वन्धी ज्ञानका कार्यक्रमहरु संचालन गरिनेछ ।
- प्रत्येक विद्यालयमा किशोरकिशोरीहरुको स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- हाइड्रोसिल, पाठेघर खस्ने तथा पाठेघर मुखको क्यानसर, आँखा रोग सम्वन्धी पहिचान गर्न निःशुल्क स्क्रिङ्गि (पहिचान) तथा औषधि सहितको शल्यक्रियाको व्यवस्था गरिनेछ ।

- सुगर, प्रेसर जस्ता दीर्घ रोगीहरुका लागि वर्षमा २ पटक प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- मासिक सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक तथा गर्भवती तथा सुत्केरीहरुलाई प्रत्येक वडाबाट ३-३ महिनाको लागि Multivitamin / Calcium/Folic acid tab को निःशुल्क वितरण गरिनेछ । कर्जन्हा स्वास्थ्य तथा सरसफाई ऐन २०७६ संशोधन गरी स्वास्थ्य ब्यबसायीहरुलाई करको दायरा र प्राथमिक उपचार केन्द्रहरुलाई ईजाजत व्यवस्था मिलाउनेछ ।
- विभिन्न सरुवा रोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम तथा दिवस मनाइनेछ ।
- कर्जन्हा नगरपालिका. भित्र रहेको फुलकुमारी महतो.मेमोरियल अस्पताललाई कर्जन्हा नगर स्वास्थ्य हवको रुपमा विकास गरी समन्वय र सहकार्यबाट नगरवासीका जटिल स्वास्थ्य समस्याको उपचारमा सस्तो सुलभ दरमा स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक नीति अवलम्वन गरिनेछ । अस्पतालको धुम्ती भ्यान वडा स्तरीय सेवामा लगाउन पहल गरिनेछ ।

### ४.१.५ रणनीति

- नगरपालिका भित्रका सबै वडामा स्वास्थ्य संस्थाहरुको विकास र विस्तार गर्ने ।
- आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच पुऱ्याउने ।
- नगरबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने ।

### ४.१.६ परिणात्मक स्थिति

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार भएको हुनेछ ।
- निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ ।
- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार भएको हुनेछ ।
-

### ४.१.७ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुनेछ ।

**तालिका ४.३: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| स्वास्थ्य चौकी नभएका वडा हरुमा प्राथमिकताका आधारमा स्वास्थ्य चौकी निर्माण गर्ने | यो्जना अवधिको अन्त्यसम्ममा कमसेकम थप तीन वडामा एकएक स्वास्थ्य चौकी निर्माण भएको हुनेछ । | नपा |
| प्रत्येक स्वास्थ्य चौकीमा दरवन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ । | स्वास्थ्य चौकीमा आवश्यक र दरवन्दी अनुसारको स्वास्थ्य कर्मीको पदपूर्ती भएको हुनेछ । | नपा |
| महिलाको पाठेघर खस्ने तथा पुरुषको हाइड्रोशिल जस्ता स्वास्थ्य समस्या समाधानका लागि निशुल्क उपचारको व्यवस्था गरिनेछ । | महिलाको पाठेघर खस्ने तथा पुरुषको हाइड्रोशिल जस्ता स्वास्थ्य समस्या बाट पीडित जनताले निशुल्क उपचार पाएका हुनेछन् । | नपा |
| गुरुयोजना बनाई स्वास्थ्य जनशक्तिको व्यवस्थापन गरिनेछ । | स्वास्थ्य संस्थाहरुमा जनशक्तिको अभाव पूर्तीको लागि विशेष कार्ययोजना बनेको हुनेछ । | नपा |

## ४.२ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.२.१ पृष्ठभूमि

कर्जन्हा नगरपालिकामा ५ देदि १४ वर्ष उमेर समूहका बालबालिका झण्डै २३ प्रतिशत रहेका छन् भने १५ देखि २४ उमेर समूहका झण्डै २० प्रतिशत रहेका छन् । नगरपालिकाको साक्षरता ६१.८ प्रतिशत रहेको छ भने जसमा पुरुष साक्षरता ७०.४ प्रतिशत र महिला साक्षरता ५४.० प्रतिशत रहेको छ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरीय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादनमा जोड दिने यस नगरपालिकाको धेय रहेको छ । नगरपालिका भित्रका बालबालिकाहरुलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन नगरपालिका प्रतिबद्ध छ ।

### ४.२.२ समस्या र चुनौती

शिक्षक दरबन्दीको असमान वितरण, बजार क्षेत्रमा विद्यार्थीको अधिक चाप र ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता, विषयगत न्यूनतम शिक्षक दरबन्दीको कमी , विद्यार्थीको सिकाई उपलब्धि सन्तोषजनक नहुनु, विद्यालयको विकासमा समुदायको चासोको कमी, विद्यार्थी केन्द्रित शिक्षणको कमी, प्रयोगशाला पुस्तकालयको अपर्याप्तता ।

### ४.२.३ लक्ष्य

शिक्षण संस्थाको शैक्षिक गुणस्तर बृद्धिगर्दै विद्यार्थीहरुको सिकाई उपलब्धि अभिबृद्धि गर्ने ।

### ४.२.४ शिक्षा सम्बन्धी नीतिः

- विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिमको व्यवस्था गरिनेछ। साथै प्र.अ. र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई विद्यालय सुधार योजना सम्वन्धी तालिमको व्यवस्था शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ।
- यस पालिकामा रहेका विद्यालयलाई व्यवस्थित गर्दै कम्तीमा यस आ.व.मा ५ वटा विद्यालयलाई नगरस्तरीय नमुना विद्यालय बनाउने कार्यलाई अगाडि बढाइनेछ।
- प्रत्येक विद्यालयका प्र.अ.सँग व्यवस्थापन कार्य सम्पादन सम्झौता गर्ने र उत्कृष्ट गर्ने लाई प्रोत्साहन दिने नीति अवलम्वन गरिनेछ।
- विद्यालयको मासिक प्रतिवेदन अनलाइनबाट पठाउने व्यवस्था मिलाइनेछ र सोको अनुगमन तथा मूल्याङ्गनको व्यवस्था मिलाइनेछ। परिमाणको आधारमा प्र.अ. नियुक्तको प्रक्रिया नीति अवलम्वन गरिनेछ।
- नगरस्तरीया अतिरिक्त क्रियाकलापहरु (खेलकुद, हाजिरी जवाफ, वक्तत्वकला, नाच, गीत, सङ्गीत, वादविवाद आदि) संचालन गरी उत्कृष्ट छात्रछात्रा तथा विद्यालयलाई पुरस्कृत गर्ने नीति अगाडि बढाइनेछ।
- प्रत्येक महिनामा कम्तीमा एकपटक नगरपालिकाभित्रका विद्यालयका प्र.अ. को बैठक नगरपालिकमा बस्ने र प्रत्येक विद्यालयको व्यवस्थापनको समिक्षा गरिनेछ।

- अङ्ग्रेजी भाषाको माध्यमबाट सिकाई संचालन, बालकक्षादेखि कार्यान्वयनको लागि व्यावस्था गरिनेछ । बालकक्षाकोठा बालबालिकामैत्री तथा सुविधा सम्पन्न बनाईने तथा बाल शिक्षक शिक्षिकालाई कक्षा प्रभावकारी बनाउन तालिमको व्यावस्था नीति अगाडि बढाइनेछ ।
- नगर क्षेत्रभित्रका गरिब, विपन्न, दलित, सिमान्तकृत तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रबृति तथा पोशाक र शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- हरेक विद्यालयमा विद्यालयको वातावरण सौन्दर्यता कायम गर्न विद्यालयमा बगैँचा स्थापना र बिरुवा रोप्ने कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।
- प्राविधिक आधारको उच्च शिक्षा र स्नातक तहको पठनपाठन संचालन र विस्तार गर्न प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।
- विद्यालयमा बाल क्लब, बाल सहभागिता अभिबृद्धिको प्रयासलाई संस्थागत गरिनेछ ।
- माध्यमिक विद्यायलहरुमा स्काउटको युनिट स्थापन गरिनेछ ।
- विद्यार्थी अनुपातको आधारमा आवश्यता अनुसारको शिक्षकको व्यस्थामा जोड दिइनेछ ।
- उत्कृष्ट विद्यालय, विद्यार्थी तथा शिक्षकहरुकलाई शैक्षिक उपलब्धिका आधारमा प्रत्येक वर्ष सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- समाजमा सरकारी विद्यालयप्रतिको धारणा परिर्वतन गर्न बालबालिका सँग मेयर, उपमेर कार्यक्रम, संचालन गरिनेछ ।
- आवश्यकताको आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मको विद्यार्थीहरुलाई सिकाई सहजीकरण व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता विद्यालय सहयोगी, लेखापाल र सामुदायिक सिकाइ केन्द्रको परिचालिकाको अपुग तलव बराबरको रकमको व्यवस्था मिलाइनेछ ।
- कक्षा ९ सम्मको परिक्षा व्यवस्थापनको खर्च नगरपालिकाले गर्ने व्यवस्था मिलाएको छु । आवधिक परीक्षा मुल्याङ्गन प्रणाली लागु गरिनेछ ।

- बिद्यार्थीहरुमा उच्च नैतिक चरित्र विकास गर्न नैतिक शिक्षा अनिवार्य गरी सोही बमोजिमको पाठ्यक्रम विकास गरी लागू गरिने छ ।
- वडा नं ३ को खैराटोलमा रहेको विद्यालयलाई पुनः संचालनमा ल्याउने नीति लिइएको छ ।
- विद्यालयमा अध्ययनरत छात्राहरुका लागि स्यानिटरी प्याड वितरणा व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- नगरभित्र आवश्यक स्थानमा पुस्तकालय निर्माण गर्ने नीति लिइनेछ ।
- नगरक्षेत्र भित्रका विद्यालयमा ड्रेस कोड निर्धारण गरिनेछ ।
- नगरभित्रको आधारभूत विद्यालयदेखि नै कम्प्यूटयर तथा अंग्रेजी माध्यमको शिक्षा अनिवार्य गरिनेछ नीति लिइनेछ ।
- सरकारी विद्यालयको कक्षा ११ र १२मा अध्यनरत छात्राको लागि साइकल तथा छात्रको लागि ल्यापटप वितरण गर्ने व्यवस्था गर्न मधेश प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।
- आवश्यकताको आधारमा विद्यालयहरुलाई एक आपसमा गाभने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयलाई शान्ति क्षेत्र घोषण गरिने छ । विद्यालयको आय स्रोत बृद्धि गर्न नीति अवलम्वन गरिनेछ ।

### ४.२.५ रणनीति

शिक्षक दरबन्दी मिलान कार्यदल गठन गर्ने, कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने । विद्यालयको आवश्यकता पहिचान गरी भौतिक निर्माण गराउने । विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने ।

### ४.२.६ परिणात्मक स्थिति

प्रत्येक शैक्षिक सत्रमा औसत सिकाई बृद्धि हुनेछ, शिक्षकको शिक्षण क्षमता विकास भएको हुनेछ, विद्यालयहरुको भौतिक सुविधा विस्तार हुनेछ, कक्षा दोहोऱ्याउने दर (१-५) मा शुन्य हुनेछ, खुद भर्ना दर (१-५) मा १०० प्रतिशत पुऱ्याइनेछ। स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामाग्री निर्माण गरिनेछ । विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि गरिनेछ ।

### ४.२.७ अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुनेछ ।

**तालिका ४.४: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर शिक्षा सुरु गर्ने | नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा कम्प्युटर शिक्षा सुरु भएको हुनेछ | नपा, शिक्षा शाखा |
| सबै सामुदायिक विद्यालयहरुमा पुस्तकालय स्थापना गर्ने | नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा पुस्तकालय स्थापना भएको हुनेछ | नपा, शिक्षा शाखा |
| नगरपालिका भित्रका सबै वडामा निरक्षर मानिसहरुका लागि प्रौढ शिक्षा सञ्चालन गर्ने | प्रौढ शिक्षा सञ्चालन भई निरक्षर प्रौढले आधारभूत अक्षर तथा अंक ज्ञान प्राप्त गरेका हुनेछन् । | नपा, शिक्षा शाखा |
| स्थानीय भाषा (मैथली) अध्यापन सुरु | सबै सामुदायिक विद्यालयहरुमा मैथली भाषा अध्ययन सुरु भएको हुनेछ । | नपा, शिक्षा शाखा |

## ४.३ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.३.१ पृष्ठभूमि

युवा नगर विकासको महत्वपूर्ण उमेर समूहको जनशक्ति हो । युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न गई नगरपालिकाले चाहेको विकास गर्न सक्दछ भन्ने उदेश्यका साथ युवाहरुलाई नगर विकासको मुल प्रवाहमा ल्याइने छ । खेलकुद तथा नवप्रवर्तनका क्षेत्रमा युवा लक्षित कार्यक्रमहरु ल्याउदै युवाहरुलाई आकर्षित गर्नुपर्ने आवस्यकता छ । नगरपालिका क्षेत्रभित्र वडा नं. १ को बन्टिया (६७६ वर्ग कि.मि.) र वडा नं. ४ को बस्तिपुर (११८३ वर्ग कि.मि.) र झुल्के (६७६ वर्ग कि.मि.)गरी तीन खेल मैदान रहेका छन् ।

### ४.३.२ समस्या र चुनौती

युवा उद्यमीले उत्पादन गरेको वस्तु तथा सेवा प्रतिस्पर्धाका आधारमा बजारमा बिक्री गर्न नसक्नु । स्तरीय खेल मैदानको अभाव । युवा लक्षित पर्याप्त कार्यक्रमहरु नहुनु । खेलकुदमा संलग्न युवा

युवतीको भविश्यको सुनिश्चितता गर्नु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु ।

**४.३.३ लक्ष्य**

युवा वर्गलाई स्थानीय तहमै बसी उद्यमशील कार्यमा संलग्न हुन आकर्षित गर्ने । खेलकुदमा संलग्न युवा युवतीको भविश्यको सुनिश्चितता गर्नु । खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु ।

**४.३.४ युवा, खेलकुद तथा मनोरञ्जन सम्वन्धी नीतिः**

- मेयर उपमेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरिनेछ ।
- यस नगरपालिकामा खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न खेलकुद मैदानको स्तर उन्नति तथा मर्मत कार्य गरिनेछ ।
- नागरिक स्वास्थ्यलाई मध्यनजर गरी उचित स्थानमा व्यायामशाला निमार्ण गरिनेछ ।
- युवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी वोध गराउन, युवा क्लव गठन गरी स्वयंमसेवा कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार युवाहरुलाई स्वरोजगार बन्न आकार्षण गर्न युवासँग मेयर, उपमेर कार्यक्रम संचालन गरिनेछ ।
- शैक्षिक बेरोजगारिको समस्या समाधानको निम्ति सरकारी सेवामा प्रवेश गर्नको लागि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गरिनेछ ।
- कर्जन्हा नगर युवा खेल प्रतिष्ठान गठन गरी युवा मैत्री कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- युवा लागू औषध दुर्व्यसन नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- आवश्यक स्थानमा जग्गा उपल्बधताको आधारमा खेल मैदान निमार्ण र नगरभित्र एक बहुउद्देश्यीय रंगशाला निमार्ण गरिने छ ।
- नगरभित्रको बाझो जग्गामा युवालाई उद्यमशिल कार्यमा प्रयोग गरी स्वरोजगार बनाइनेछ ।

### ४.३.५ रणनीति

उद्योग तथा व्यवसायको क्षेत्र पहिचान गरी युवाहरुलाई लगानीको लागि उत्प्रेरी गर्ने । युवाहरुले सञ्चालन गर्ने उद्योगका लागि बैंक तथा वित्तिय संस्था मार्फत ऋण उपलब्ध गराउने । प्रत्येक वडामा खेल मैदान निर्माण गर्ने, उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने ।

**तालिका ४.५: आगामी पाँचवर्ष भित्र गरिने खेल पूर्वाधार निर्माण कार्यक्रमहरु**

| स्थलको नाम | के गर्ने | कहिलेसम्म | कसले गर्ने |
|---|---|---|---|
| बन्टिया खेल मैदान | व्यववस्थित पूर्वाधारको निर्माण | आगामी तीन वर्ष भित्र | नगरपालिका |
| बस्तिपुर खेल मैदान | व्यववस्थित पूर्वाधारको निर्माण | आगामी तीन वर्ष भित्र | नगरपालिका |
| झुल्के खेल मैदान | व्यववस्थित पूर्वाधारको निर्माण | आगामी तीन वर्ष भित्र | नगरपालिका |
| प्रत्येक वडामा एक खेल मैदान | खेल पूर्वाधारको निर्माणको लागि जग्गा पहिचान तथा अध्ययन हुनेछ । | आगामी तीन वर्ष भित्र | नगरपालिका |

### ४.३.६ परिणात्मक स्थिति

उद्यमि युवाहरुको विकास हुनेछ । खेलकुदका पुर्वाधार निमाण गरिनेछ । नवप्रर्वतनमा युवाहरु उत्प्रेरित हुनेछ ।

### ४.३.७ अपेक्षित उपलब्धि

युवाहरु नगर विकासको मुल प्रवाहिकरणमा समावेश हुने छन् ।

## ४.४ महिला, बालबालिका तथा समाज कल्याण

### ४.४.१ पृष्ठभूमि

सामुदायिक तथा राजनीतिक क्षेत्रमा महिला तथा बालवालिकाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ । सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक वञ्चितिकरणको प्रभावले महिला,बालबालिका तथा जेष्ठनागरिकहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेको अवस्था छ ।

### ४.४.२ समस्या र चुनौती

लक्षित वर्ग पहुंचविहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु । महिला वालबालिका तथा जेष्ठनागरिकहरुको समस्या सम्बोधन गर्ने सोंच भएता पनि नीति बनाउन सकिको छैन । वालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु । आर्थिक विपन्नता भएको घर परिवारका वालवालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतिपूर्ण रहेको छ ।

### ४.४.३ लक्ष्य

बालवालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने । महिलाहरुलाई मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने । ज्येष्ठ नागरीकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने ।

### ४.४.५ रणनीति

महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने। महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाई गोलबद्ध गर्ने । घुम्ती स्वास्थ्य सेवाहरु उपलब्ध गराउने। शिशु स्याहार केन्द्र स्थापना गर्ने । बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने ।

### ४.४.५ परिणात्मक स्थिति

महिला साक्षरता दर बृद्धि गर्ने, सडक वालवालिका शुन्यमा झार्ने । जेष्ठ नागरिकहरुमा आधारभुत स्वास्थ्य पुगेको हुनेछ

### ४.४.६ अपेक्षित उपलब्धि

आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सशक्तिकरण भएको हुनेछ। समतामुलक समाजको निर्माण तर्फ अग्रसर हुनेछ ।

## ४.५ खानेपानी तथा सरसफाई

### ४.५.१ पृष्ठभूमि

स्वस्थ्य जीवनका लागि स्वछ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन्। यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ । स्वछ खानेपानी तथा सरसफाईका क्षेत्रमा नगरपालिकाले उल्लेख्य काम गर्नु पर्ने आवश्यकता छ ।

कर्जन्हा नगरपालिकाका अधिकांश घरधुरीले ट्युबवेल तथा ह्याण्डपम्पको पानी पिउने गर्छन् । यसको विरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.६: कर्जन्हा नगरपालिकामा पिउने पानीको स्रोतको अवस्था**

| जम्मा | घर कम्पाउण्डमा धारा भएको | घर कम्पाउण्ड बाहिर धारा | ट्युबवेल, ह्याण्डपम्प | ढाकिएको इनार, कुवा | नढाकिएको इनार, कुवा | मौसमी स्रोत | नदी खोला | जार बोतल | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| ८२८९ | ७६२ | ५०५ | ६७८५ | ३० | ४१ | ८७ | १७ | ७ | ५५ |

*स्रोत: जनगणना, २०७८*

कर्जन्हा नगरपालिकामा ५ सय ४४ घरधुरीको शौचालय नभएको अवस्था छ । अब २३० घरपरिवारले सार्वजनिक शौचालय प्रयोग गर्दै आएका छन् भने ४ हजार १ सय ६२ घरपरिवारले पिट शौचालय प्रयोग गर्दै आएका छन् ।

**तालिका ४.७ शौचालयको प्रकार**

| शौचालयका प्रकार | | | | | |
|---|---|---|---|---|---|
| जम्मा घरधुरी | फ्लस शौचालय ( ढलनिकाससहितको) | फ्लस शौचालय ( सेप्टिक ट्यांकीसहितको) | पिट शौचालय | सार्वजनिक शौचालय | शौचालय नभएको |
| ८२८९ | १०२ | ३२५१ | ४१६२ | २३० | ५४४ |

स्रोतः जनगणना २०७८

### ४.५.२ समस्या र चुनौती

स्वच्छ खानेपानी तथा सरसफाईका क्षेत्रमा नगरपालिकाले उल्लेख्य काम नसक्नु । जनचेतनाको कमी ।

### ४.५.३ लक्ष्य

स्वच्छ खानेपानी समेतको सफाईयुक्त सहर निर्माण गर्ने ।

### ४.५.४ रणनीति

परंपरागत पानीको स्रोतलाई व्यवस्थित गर्ने । नयाँ पानीको स्रोतको पहिचान गरी आधुनिक प्रविधिबाट स्वच्छ खानेपानी उपलब्ध गराउने। ल्याण्डफिल साइटको पहिचान गरी फोहोरमैला व्यवस्थापन गर्ने ।

### ४.५.५ परिणात्मक स्थिति

नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध हुनेछ । कम्तीमा तीन वर्षमा ३३ प्रतिशत घरधुरीलाई धाराको स्वच्छ पानी उपलब्ध हुनेछ । तीन वर्ष भित्रमा शौचालय नभएका सम्पुर्ण घरपविारहरुमा शौचालय निर्माण कार्यक्रम सम्पन्न गरिनेछ ।

सफाईयुक्त हराभरा नगरपालिको विकास हुनेछ ।

### ४.५.६ अपेक्षित उपलब्धि

स्वच्छ खानेपानी, सफाईयुक्त सहर, पूराहुनेछ नगरबासीको सपनाको सहर ।

## परिच्छेद - पाँच

# पूर्वाधार क्षेत्र

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

पूर्वाधार क्षेत्र अन्तर्गत सम्पदा पूर्वाधार, भवन आवास तथा सहरी विकास, यातायात पूर्वाधार, उर्जा, विज्ञान तथा प्रविधि आदि उपक्षेत्रहरु राखिएको छ । पूर्वाधार क्षेत्रको लागि तीन वर्षमा कुल रु. ५५ करोड ५७ लाख बजेट आवश्यक पर्ने अनुमान गरिएको छ ।

**तालिका ५.१ पूर्वाधार विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान रकम रु हजारमा**

| पूर्वाधार उपक्षेत्र | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | तीन वर्षको कुल |
|---|---|---|---|---|---|---|
| सम्पदा पूर्वाधार | २०४२० | ४८०० | ५०४० | ५२४२ | ५५०४ | १५७८५ |
| भवन आवास तथा सहरी विकास | १०००६३ | ११४७०२ | १०३२३२ | १०५२९६ | ११३७२० | ३२२२४८ |
| यातायात पूर्वाधार | ९१३४६ | ५९१५० | ६५०६५ | ७०२७० | ७३०८१ | २०८४१६ |
| उर्जा | २१०० | १४५० | १५२३ | १५८३ | १६४७ | ४७५३ |
| पुननिर्माण | ४०० | ५०० | ० | ० | ० | ० |
| विज्ञान तथा प्रविधि | १३०० | १३०० | १५०० | १५०० | १५०० | ४५०० |
| **जम्मा** | **२१५६२९** | **१८१९०२** | **१७६३५९** | **१८३८९२** | **१९५४५२** | **५५५७०३** |

## ५.१ भवन, आवास, बस्ती तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

शहरी विकास गर्नु नगरपालिकाको महत्वपूर्ण काम हो। शहरमा भवन तथा अन्य ठूला संरचना बन्ने हुनाले योजनाबद्ध रुपमा ती संरचनाहरुको निर्माण गर्नु पर्दछ। यसमा वातावरण, विपद व्यवस्थापन, सहरी सौन्दर्य जस्ता विषयलाई ध्यान दिनु आवश्यक हुन्छ। भवन, आवास, बस्ती तथा शहरी विकासका क्षेत्रमा यस नगरपालिकाले धेरै कामहरु गर्नुपर्ने आवस्यकता छ।

तालिका ५.२, ५.३, ५.४ र ५.५ को मा कर्जन्हा नगरपालिका भित्रका घरको विवरण प्रस्तुत गरिएको छ। नगर पालिका भित्र अझै पनि खर तथा परालका छानासहितका घरहरु रहेका छन्। घर तथा परालका घरहरुमा अगलागीको जोखिम उच्च रहेको छ।

तालिका ५.२: जगको आधारमा घरको प्रकार

| घरको जगको आधारमा घरको प्रकार | | | | | |
|---|---|---|---|---|---|
| जम्मा घरधुरी | ईटा, ढुंगासँगै माटोले बनेको | ईटा, ढुंगासँग सिमेन्टले बनेको | पिलारवाला सिमेन्टले बनेको | काठको पिलारले बनेको | अन्य |
| ८२८९ | ११०० | २४४१ | ११९४ | ३४५६ | ९८ |

*स्रोत: जनगणना, २०७८*

तालिका ५.३: छानाको आधारमा घरको प्रकार

| छानाको प्रकार | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | ग्याल्भनाइज ड पाता | सिमेन्टले ढलान गरेको | खर तथा पराल | टाइल | स्लेट ढुंगा | काठ तथा फलेक | माटो | अन्य |
| ८२८९ | १८२१ | २४६९ | ७७५ | ३०८५ | ५९ | ५२ | ० | २८ |

*स्रोत: जनगणना, २०७८*

तालिका ५.४: भित्ताको आधारमा घरको प्रकार

| घरको भित्ताको बनावट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | ढुंगा, ईटा र माटोले बनेको | ढुंगा, ईटा र सिमेन्टले बनेको | काठ तथा फलेक | बाँस | काँचो इटा | जस्तापाता | प्रीफेव | अन्य |
| ८२८९ | १०५७ | ३३७१ | ३३३ | ३३८१ | ११ | १९ | ० | ११७ |

*स्रोत: जनगणना, २०७८*

तालिका ५.५: भूईंको आधारमा घरको प्रकार

| | भूईंको किसिम | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | माटो | काठ, फलेक, बाँस | इटा तथा ढुंगा | टायल | सिमेन्ट | अन्य |
| ८२८९ | ४८६८ | १०५ | २२४ | ९२ | २९७६ | २४ |

*स्रोत: जनगणना, २०७८*

### ५.१.२ समस्या र चुनौती

शहरमा हुनु पर्ने आबस्यक संरचना निर्माण हुन नसक्नु, सरकारी निकाय बीच पूर्वाधार निर्माणमा समन्वय हुन नसक्नु, पर्याप्त अध्ययन विना संरचना निर्माण गरिनु जस्ता विषय शहरी विकासका प्रमुख समस्या हुन् । संरचना निर्माणमा आवश्यक समन्वय कायम गरी राजनीतिक सहमती जुटाउनु चुनौतिपूर्ण रहेको छ ।

### ५.१.३ लक्ष्य

सुन्दर व्यवस्थित सहर निर्माण गरी पर्यटक आकर्षणको केन्द्र बनाउने ।

### ५.१.४ भवन तथा सहरी विकास

- नगरपालिकाभित्रका सबै स्थानीय सडकहरुलाई पक्की सडकको रुपमा विकास गरिनेछ ।
- पैदल यात्री, दीर्घ रोगी, नगरवासी तथा सवारी चालकको सुरक्षाका लागि ध्वनी प्रदुषण न्यूनीकरण तथा गति नियन्त्रणको कानूनी प्रबन्ध गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सहरी योजना तथा भवन निर्माण मापदण्डको पूर्ण पालनामा जोड दिइनेछ । घर निर्माणको अनुमति प्रक्रियमा उपयुक्त मापदण्डको शौचालय र सेप्टी ट्याङ्की निर्माणलाई अनिवार्य गरिनेछ ।
- नगरपालिकाको व्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, शैक्षिक, भौतिक, ऐतिहासिक पर्यटकीय लगायतका क्षेत्रहरुलाई समेट्ने गरी एक नगर चक्रपथको सम्भाव्यता अध्ययन गरिनेछ ।

- सडकको दायाँबायाँ हरियाली प्रर्वद्धन गरी कर्जन्हा नगरपालिकालाई हरित नगरको रुपमा विकास गरिनेछ ।
- विकासको करिडोरको अवधारणा अवलम्बन गरिनेछ । जसमा बाटोघाटो, ढल, खानेपानी, बिजुलीको निर्माण गर्दा समन्वयात्मक तवरमा निर्माण गरिनेछ ।
- राष्ट्रिय भवन संहिता मापदण्ड बमोजिम भवन निमार्ण गर्ने गराउने र अभिलेखिकरण गर्ने नीति अवलम्वन गरिनेछ ।
- फोहर मैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ । फोहरबाट मोहर बनाउने नीति लिईनेछ । नगरपालिकाको फोहरको उचित प्रबन्ध गरी पूर्ण सफा कर्जन्हा नगर घोषणा गर्नेतर्फ अभियान अगाडि बढाइनेछ ।
- कर्जन्हा नगरपालिकाभित्र निजी क्षेत्रहरु तथा गैह्र सरकारी संस्थाहरुसँग सहकार्यमा आवश्यक कार्यविधि निर्माण गरी फोहर मैला प्रशोधन केन्द्रको निर्माणको सुरुवाती प्रक्रिया अगाडि बढाइनेछ ।
- प्राथमिकताको आधारमा वडा नं.१, २, ५, ६ र ९ वडा कार्यालयहरुको निर्माण कार्यलाई निरन्तरता दिनेछ ।
- नगर क्षेत्रभित्रका प्रमुख व्यपारी केन्द्रहरुमा आधारभूत शहरी पूर्वाधारको विकास गरिने छ । उक्त केन्द्रहरुमा ढल व्यवस्थापन तथा आधुनिक सार्वजानिक शौचालयहरु समेत निर्माण गरी संचालनमा ल्याईनेछ ।
- सरकारी विद्यालयमा आफ्नो बालबच्चा पठनपाठन गराईएका अभिभावकहरुलाई घर-नक्शा पासमा ३० प्रतिशत छुट गरिनेछ ।
- प्रत्येक महिनामा कम्तीमा १ पटक नगरपालिकाको नै पहलमा सरसफाई गर्ने कार्यक्रमलाई अभियानको रुपमा नै संचालन गरिनेछ । साथै सफाई टोल विकास समूह गठन गरी अनुदान दिईनेछ र उनीहरु मध्येबाट प्रत्येक वर्ष उत्कृष्ट हुनेलाई पुरस्कृत गरिनेछ ।
- नगर क्षेत्रभित्रका अव्यवस्थित विद्युत तारहरुलाई व्यवस्थित गरनेछ ।

- नगरभित्र रहेको फुसको छाना भएको अति विपन्न गरिब परिवारलाई उचित बासको लागि जस्ता पाता सहितको घर व्यवस्था गरिनेछ ।
- मुसहर र डोम परिवारको आवसको लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरी जनता आवस कार्यक्रम संचालन गरिनेछ ।
- सडक मापदण्डको पुनरावलोकन गरी कार्यन्वयनमा ल्याइनेछ ।
- कृषि सडक निमार्ण कार्य आवश्यकता र औचित्यताको आधारमा निमार्ण गर्ने नीति अवलम्वन गरिनेछ ।

#### ५.१.५ रणनीति

मुख्य सहर भित्रको बाटाको चौडाईको मापदण्ड निर्धारण गरी खानेपानी, ढल, विजुली लगायतका संरचना एकिकृत रुपमा निर्माण गर्नु । निजी घर, सार्वजनिक संस्था तथा अन्य भवन निर्माण मापदण्ड अनुसार बनाउन कडाई गर्नु । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्र विकास गर्ने ।

#### ५.१.६ परिणात्मक स्थिति

सहरी क्षेत्र भित्र विन्दु निर्धारण गरी त्यसको निश्चित क्षेत्र भित्र भवन, पार्क आदि निर्माण गरिएको हुनेछ । प्राकृतिक प्रकोप लगायतका विपत्तिको सामना गर्न सक्ने गरि आवाश क्षेत्रको विकास गरिनेछ ।

#### ५.१.७ अपेक्षित उपलब्धि

उथ्थानशिल शहरको निर्माणतर्फ अग्रसर हुनेछ ।

### ५.२ सडक तथा यातायात व्यवस्था

#### ५.२.१ पृष्ठभूमि

सडक तथा यातायातको उचित व्यवस्थाले शहरको अवस्था समेत झल्काउँछ । कर्जन्हा नगरपालिका भित्र पक्की, ग्राभेल तथा कच्ची सडक सहित गरी १४४.५ किलोमिटर रहेको छ । जसमा जम्मा १०

कि.मी. पक्की सडक रहेको छ भने करिब ४८ कि.मी ग्राभेल सडक र बाँकी कच्ची सडक रहेको छ ।सहरीकरण बढ्दै गएको हुनाले नगरपालिका भित्र यातायता सञ्चालन गर्न सकिने प्रचुर सम्भावना भएतापनि उल्लेख्य काम गर्न सकिएको छैन ।

### ५.२.२ समस्या र चुनौती

नगरपालिका भित्र यातायात व्यवसायीहरु यातायात सञ्चालन गर्न आकर्षित नहुनु मुख्य चुनौती भएको देखिन्छ ।

### ५.२.३ लक्ष्य

आर्थिक तथा सामाजिक विकासमा सघाउ पुग्ने सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्ने । नियमित तथा सर्वसुलभ रुपमा यातायात सेवा सञ्चालन गर्ने ।

### ५.२.४ स्थानीय सडक

- सम्पूर्ण नगरवासीहरुलाई सहज र सुलभ यातायात सेवा पुऱ्याउने नीति लिइनेछ । निर्माण व्यवासायीले ३ वर्ष सम्म सडक मर्मतको जिम्मा लिने व्यवसायिलाई मात्र पालिकाको निर्माणको जिम्मा दिइने नीति अवलम्वन गरिनेछ ।
- हाल नेपाल सरकारले सुरु गरेको सडक बिस्तार कार्यक्रमलाई तिव्रता दिइनेछ । यस सडक बिस्तार अभियानमा सडक मापदण्ड बमोजिम सडकको क्षेत्रभित्र घर रहेका नगरवासीहरुले आफ्नो टहरा लगायतका संरचना हटाई सहयोग गरेमा त्यस्ता नगरवासीलाई नयाँ घर नक्सा पास एवं अभिलेखीकरण प्रक्रियमा २५ प्रतिशत राजस्व छुट दिइनेछ ।
- यस नगरपालिकाको वडाहरुमा नापी छुट भएका जग्गाहरुको पुनः नापी गर्न आवश्यक पहल गरिनेछ ।
- यस नगरपालिकाभित्रका सबै सडकको दुवैतिर सडक नाली र पेटी निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सुरुवात गरिनेछ ।
- नयाँ सडक निर्माण कार्य गर्दा “विकास सँग-सँगै निकास” को नीतिलाई अवलम्बन गर्दै सडक नाला निर्माणलाई प्राथमिकतामा राखिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमद्वारा स्थानीय गरिब विपन्नलाई रोजगारीको सुनिश्चितता गर्न श्रम प्रधान योजना छनोट गरी बेरोजगारी समस्या सामाधानको लागि पहल गरिनेछ ।

### ५.२.५ रणनीति

आर्थिक कृयाकलापलाई बढावा दिने स्थानमा सडक बाटो निर्माण गरिनेछ। शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी बनाउन घना वस्ती भएको ठाउँमा व्यवस्थीत सडक निर्माण गरिनेछ । सहरी क्षेत्रमा सडक मापदण्डका आधारमा सडक निर्माण गरिनेछ। सबै वडाहरुबीच अन्तर यातायात सञ्जाल विकास गर्ने ।

### ५.२.६ परिणात्मक स्थिति

निश्चित मापदण्डका आधारमा सडक निर्माण भएको हुने। सबै वडाहरुमा यातायात संजाल पुगेको हुने ।

### ५.२.७ अपेक्षित उपलब्धि

दिगो र भरपर्दो सडक तथा यातायात पूर्वाधार, नगरपालिकाको आर्थिक तथा सामाजिक विकासको आधार हुनेछ ।

**तालिका ५.६: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| कृषि सडक निर्माण | कृषि उपजलाई कृषको घरसम्म तथा बजारसम्म सहजरुपमा पुऱ्याउन कृषि सडको निर्माण भएको हुनेछ । | नपा |
| पर्यटकीय गन्तव्य सडक निर्माण | नगरपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थलसम्म पुग्ने सडक निर्माण भएको हुनेछ । | नपा |

## ५.३ जलस्रोत, विद्युत तथा वैकल्पिक ऊर्जा

### ५.३.१ पृष्ठभूमि

यस नगरपालिका क्षेत्रमा जलस्रोतको सम्भावना भएता पनि उल्लेख्य रुपमा उपभोग गर्न सकिएको छैन । वैकल्पिक उर्जाको प्रयोग बढाउन सकिरहेको छैन । हिउँदमा सिञ्चाईको लागि नहरको पानी उपलब्ध हुन नसक्ने अवस्था छ । भने कमला पैनीको पानीले सबै क्षेत्रलाई अपुग भएको स्थिति छ ।

### ५.२.२ समस्या र चुनौती

नगरपालिकाको आर्थिक विकासका लागि जलस्रोतको वहुउपयोगलाई प्रवर्द्धन गर्नु आबस्यक छ । हिउँदमा कमला नदीमा पानी सीमित हुने हुँदा सिँचाई सुबिधा उपलब्ध गराउनु चुनौतिपूर्ण रहेको ।

### ५.३.३ लक्ष्य

पूर्ण विद्युतिकरण, जलस्रोतको वहुउपयोग । वैकल्पिक उर्जाको प्रवर्द्धन ।

### ५.३.४ रणनीति

विद्युत सेवा सबै उपभोक्तामा सर्वसुलभ रुपमा उपलब्ध गराउनु। गुणस्तरिय विद्युत सेवा उपलब्ध गराउनु । वैकलिपिक उर्जाको प्रयोग बढाउने ।

### ५.३.५ परिणात्मक स्थिति

जलस्रोतको पुर्ण उपयोग गरिने छ । दिगो विद्युतिकरण १०० प्रतिशत पुऱ्याईने छ ।

### ५.३.६ अपेक्षित उपलब्धि

जलस्रोतको उपयोग हुनेछ, पुर्ण विद्युतिकरण भएको हुनेछ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

सुचना तथा संचारका साधनहरु टेलिफोन, हुलाक, रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट आदि सञ्चार प्रणाली अन्तर्गत पर्दछन् । यी माध्यमहरुको सहायताले छिटो र भरपर्दो रुपमा

सूचनाहरुको आदानप्रदान गरी कार्यादेशलाई कार्यान्वयन गर्न, नवीनतम ज्ञान, सीप प्राप्त गर्न सकिन्छ । तसर्थ यसले सूचनाको माध्यमबाट सामाजिक तथा आर्थिक विकासका विकासका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस नगरलाई सूचना प्रविधिमैत्री बनाउने बनाउने कार्य भईराखेको भएता पनि प्रर्याप्त हुन सकेको छैन ।

### ५.४.२ समस्या र चुनौती

सूचना प्रविधिको कार्यको क्षेत्रमा बजेटको कमी, केन्द्र, प्रदेश र स्थानीय तहबीच सूचना आदान प्रदानमा एकद्वारा प्रणाली नहुनु । सूचना प्रविधिको क्षेत्रमा बजेटको कमी हुंदा भनेजति काम गर्न नसक्नु ।

### ५.४.३ लक्ष्य

नगरपालिका भित्र सूचना प्रविधिको विकास र विस्तार गर्ने । सूचना सञ्जालको विकास गर्नु । प्रविधि युक्त पालिका निर्माण गर्नु ।

### ५.४.४ रणनीति

पालिकाका गतिविधिहरु वेवसाइटमा प्रकाशन गर्ने । सूचनाहरुको सम्प्रेषण अनलाइन मार्फत गर्ने । पालिकाबाट हुने काम कारवाही सूचना प्रविधिको प्रयोग बाट गर्ने गरेको। त्यसको लागि राजस्व, योजना, अर्थ सफ्टवेयर मार्फत गर्ने गरेको । बाँकी रहेका कामहरुको लागि सफ्टवेयरको प्रयोग गराउदै लगिनेछ ।

### ५.४.५ परिणात्मक स्थिति

नगरपालिका क्षेत्रमा इन्टरनेटको पहुच १०० प्रतिशत पुऱ्याउने। स्मार्ट शहरका क्षेत्रहरुमा उल्लेख्य सुधार गर्ने । स्मार्ट गभर्नेन्स लागुगर्ने ।

### ५.४.६ अपेक्षित उपलब्धि

सूचना प्रविधियुक्त स्मार्ट शहरको निमार्णतर्फ अग्रसर हुनेछ ।

### ५.६. जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

परिच्छेद ६

# वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र

कर्जन्हा नगरपालिकामा सामुदायिक, साझेदारी, राष्ट्रिय र निजी गरी कुल १३ वटा वन क्षेत्र रहेका छन् । करिब ६०२.१ हेक्टर क्षेत्रफलमा फैलिएको यस वनबाट ३५०१ क्यू फिट काठ उत्पादन हुन्छ भने ९००० भारी दाउरा उत्पादन हुने गरेको पाइन्छ । वन क्षेत्र तथा वनको किसिम अनुसार संख्या र काठ दाउरा उपलब्धता सम्बन्धी वडागत विवरण  देहाय बमोजिम रहेको छ ।

**तालिका ६.१: वडा अनुसार वनको किसिम, नाम समेटेको घरधुरी र क्षेत्रफल र वन पैदावरको वार्षिक उत्पादन**

| वडा नं. | वनको किसिम | समेटेको घरधुरी | वनको नाम | क्षेत्रफल ( हे.) | वन पैदावारको वार्षिक उत्पादन | |
|---|---|---|---|---|---|---|
| | | | | | काठ क्यु. फिट | दाउरा भारी |
| १ | सामुदायिक | ५१५ | चुरेसा वन उ.स. | २० | | ५०० |
| | सामुदायिक | ७०० | कमला स वन | ५.५ | २००० | ५०० |
| २ | सामुदायिक | ५०० | जोरदह तुरे स. वन | २५८ | | ५०० |
| | साझेदारी | ४०० | कमला स. वन | ५ | | |
| ४ | सामुदायिक | १००० | नमुना वन समुदाय बरहार | १६ | ५०० | २००० |
| | निजी | १००० | चुरे जन सामुदायिक वन झुल्के | ११२ | ५०० | २००० |
| | राष्ट्रिय ( सरकारी) | १००० | बस्तिपुर सामुदायिक वन बस्तिपुर | १६० | ५०० | २००० |

| वडा नं. | वनको किसिम | समेटेको घरधुरी | वनको नाम | क्षेत्रफल ( हे.) | वन पैदावारको वार्षिक उत्पादन | |
|---|---|---|---|---|---|---|
| | | | | | काठ क्यु. फिट | दाउरा भारी |
| ५ | सामुदायिक | २०० | भेडजा खोल सामुदायिक नसर्री | | १ | |
| ७ | सामुदायिक | | कमला सामुदायिक वन | ८ | | |
| १० | सामुदायिक | | शिव सामुदायिक वन | ४ | | |
| | | | मठ सामुदायिक वन | ४ | | |
| | | | नागाबाबा वन | १.६ | | |
| ११ | राष्ट्रिय ( सरकारी) | | चुरे सामुदायिक वन | ८ | | १५०० |
| **जम्मा** | | | | ६०२.१ | ३५०१ | ९००० |

*स्रोत: नगर वस्तुगत विवरण, कर्जन्हा*

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

## ६.१ वन तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

यस नगरपालिकामा पाइने प्रमुख प्रजातीहरुमा साल, सिसौं पर्दछन्। नगरपालिका अन्तर्गत पर्ने वन क्षेत्रहरु जुन  जैविक विविधताले महत्वपुर्ण मानिन्छ, उक्त क्षेत्रमा पाइने मुख्य जडिबुटीको व्यवसायिक प्रयोजनका हिसाबले प्रयोग भएको भने पाइदैन । बाढी पहिरो तथा नदी कटानबाट सम्भावित जोखिमको अबस्था छ ।

### ६.१.२ समस्या र चुनौती

यस नगरपालिका क्षेत्रमा विपद जोखिम तथा व्यवस्थापनका दृष्टिकोणमा जोखिमपूर्ण रहेको पाइन्छ । यहाँ जलजन्य प्रकोपका साथै मानवीय क्षति भएको देखिन्छ । नगरपालिका अन्तरगत विपदको किसिम

अनुसार संवेदनशील स्थानमा बसोबासको अवस्था हेर्दा यहाँका बस्ती नदी कटान र बाढीको जोखिममा बसोबास गरेको देखिन्छ । विकास निर्माणमा प्रकृतीको संरक्षण प्रमुख चुनौती रहेको छ ।

#### ६.१.३ लक्ष्य

चुरे क्षेत्र संरक्षण गर्दै वन क्षेत्रको बृद्धि गर्ने । सामुदायिक वनहरुको विकास र प्रवर्द्धन गर्ने ।

#### ६.१.४ रणनीति

वन तथा जैविक विविधता नीति बनाई लागु गर्ने । संरक्षण र संम्बर्द्धनमा समुदायको परिचालन गर्ने ।

#### ६.१.५ परिणात्मक स्थिति

वन क्षेत्रको वृद्धि हुनेछ । सामुदायिक वनहरुको संरक्षण र सम्बर्धन मार्फत आय आर्जनमा बृद्धि हुनेछ ।

#### ६.१.६ अपेक्षित उपलब्धि

वन तथा जैविक विविधतायुक्त शहरको निर्माण तर्फ अग्रसर हुनेछ ।

### ६.२ पोखरी, तालतलैया जलाधार तथा भूसंरक्षण

#### ६.२.१ पृष्ठभूमि

पोखरी तालतलैया यस नगरपालिका महत्वपुर्ण सम्पती हुन् । पालिकामा डुवान, भूक्षय तथा बाढी पहिरोको जोखिम रहेको छ । जलाधारक्षेत्रहरुको संरक्षण हुन सकेको छैन । चुरे दोहन र चुरे क्षेत्रमा वनविनाश बढ्दो छ । वातावरण सन्तुलन, बाढी पहिरो संरक्षण, हरियालीको विकास गर्न आवश्यक छ । जलाधार क्षेत्रहरुको पहिचान गरि संरक्षण र सम्बर्धन गर्नु पर्ने छ ।

#### ६.२.२ समस्या र चुनौती

नगरपालिकामा डुवान, भूक्षय अत्यन्त जोखिम रहेको छ । जलाधारक्षेत्रहरुको पहिचान र संरक्षण हुन सकेको छैन ।

### ६.२.३ लक्ष्य

विकास निर्माणमा प्रकृतिको विनास रोक्ने ।

### ६.२.४ पोखरी ताल, तलैया तथा जलाधार संरक्षण :

- नगरपालिका भित्र रहेका सार्वजनिक/ सरकारी पोखरीहरु धार्मिक सांस्कृतिक सामाजिक महत्व भएको हुँदा पोखरी संरक्षण नीति ल्याइनेछ ।
- अवैध रुपमा रहेको कब्जा गरेर राखेको सरकारी पर्ति, रैकर, जग्गामा पोखरी निर्माण गर्ने आवश्यक नीति बनाइनेछ ।
- चुरेको फेदमा रहेका खालि जग्गामा वन्यजन्तु, पशुपन्छी मैत्री नयाँ माटो संरक्षण हुने स-साना पोखरी निमार्णको व्यवस्था मिलाइनेछ ।

### ६.२.५ रणनीति

नीति निर्माण गरि भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा समुदाय परिचालन गरि कार्य गर्ने ।

### ६.२.६ परिणात्मक स्थिति

समुदायमा आधारित वन व्यवस्थापन लागु भएको हुनेछ । निजी तथा कृषि वन प्रवर्द्धन भएको हुनेछ ।

### ६.२.७ अपेक्षित उपलब्धि

तालतलैयाको संरक्षण भएको हुनेछ, भूक्षयिकरणमा कमि ल्याइने छ । जलाधार क्षेत्रहरुको पहिचान र संरक्षण भएको हुने छ ।

## ६.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.३.१ पृष्ठभूमि

वातावरणको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ । तसर्थ वन तथा वातावरणको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक

विकास कठिन र अपुर्ण हुन जान्छ । वायु तथा जलीय प्रदुषण, ढल निकास र फोहरमैलाबाट उत्पन्न प्रदुषण लगायतका समस्याहरु यस नगरपालिकाको शहरी क्षेत्रमा परेको छ ।

### ६.३.२ समस्या र चुनौती

यस नगरक्षेत्रमा ढल निकास र फोहरमैलाको उचित व्यवस्थापन नहुदा वातावरणमा प्रभाव परेको तथा वनजंगल विनाशका कारण वातावरीण समस्या बढ्दै गएको छ ।

### ६.३.३ लक्ष्य

वातावरणीय प्रदुषण उल्लेख्य मात्रामा कम गर्ने ।

### ६.३.४ वातावरण सम्बन्धी नीति

- सामुदायिक वनलाई उद्यमशिलताको रुपमा विकास गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र हरियाली प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्न फोहरमैला व्यवस्थापन, सडक किनारामा बिरुवा रोप्न साथै एक घर एक बिरुवालाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाबाट संचालन हुने ठूला योजनाहरुबाट वातावरणमा पर्न सक्ने असरहरुलाई कम गर्न IEE/EIA अध्ययन गर्ने नीति अवलम्वन गरिनेछ ।
- वातावरण सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम घच ऋइल्ऋभ्एत बाट कम्पोष्ट मल तथा नकुहिने फोहर वयवस्थापन सम्बन्धी तालिम, गोष्ठी जस्ता जनचेतनामूलक कार्यक्रममा जोड दिने नीति लिईनेछ ।
- चुरे क्षेत्रको विनाश रोक्न र संरक्षण गर्न आवश्यक पहल गरिनेछ र चुरे क्षेत्र भित्रका देवालय, शिवालय जस्ता धार्मिक स्थलहरुको विकास गर्दै पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
- यस नगरपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र घोषण गर्दै प्लाष्टिकका विकल्पका सामाग्रीहरु उत्पादन र प्रयोगमा प्राथमिकता दिइनेछ ।
- सामुदायिक वनहरुलाई स्थानीयको आय-आर्जन बढाउन एग्रो फोरेष्ट नीतिलाई निरन्तरता दिइनेछ ।
- चुरेवाट उत्खन्न हुने ढुङ्गा बालुवा तथा नदीका बालुवा गिट्टीको अवैध दोहनलाई नियमन गर्न कडा कदम लिइनेछ ।

- वनक्षेत्र पहिचान गरेर कार्ययोजना निर्माण गरी सामुदायिक वन सरोकारवाला निकायसँगको समन्वयमा आवश्यक कार्य गरिनेछ ।
- युवा पिढीलाई आकर्षित गरी आधुनिक व्यवसायिक रुपमा जडीबुटी खेतीमा संग्लन गर्न पहल गरिने छ ।
- नगर सौन्दर्य बृद्धि र हरियाली प्रवद्धर्न गर्न सडक छेउछाउ रुख रोप्ने अभियानलाई निरन्तरता दिईनेछ ।
- जनचेतना अभिबृद्धि गरी प्लाष्टिक र प्लाष्टिक जन्यपदार्थ जथाभावी फाल्नेलाई कारवाही गर्ने नीति लिईएको छ ।
- शुद्ध खानेपानी आपूर्ति तथा आयआर्जन गर्न नगरपालिका एंव संघको लगानीमा संचालित खानेपानी आयोजना दर्ता प्रक्रिया को लागि नीति नियम बनाई शुद्ध खानेपानी प्रशोधनको लागि सम्भावित अध्ययन अगाडि बढाइनेछ । साथै खानेपानी तथा सरसफाई समितिलाई वैधानिकता दिन नीति तय गरिनेछ ।
- खानेपानीबाट कोही पनि बञ्चित नरहन गुणस्तरीय खानेपानी सम्भावित ठाँउहरुको अध्ययन अनुसन्धान गरिनेछ ।
- चुरे क्षेत्रमा खोलिएका उधोगधन्दाले वातारणमा परेको प्रभाव न्युनिकरण गर्न प्रदुषण कर लगाउने र त्यसबाट विकास निर्माणमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

### ६.३.५ रणनीति

जनचेतना बृद्धिगर्ने । समुदाय परिचालन मार्फत फोहर व्यवस्थापन गर्ने ।

### ६.३.६ परिणात्मक स्थिति

शुन्य फोहरको अवधारणाको विकास हुनेछ । घरमै फोहरमैला व्यवस्थापन गर्ने परिपाटिको विकास हुनेछ । ढल निकास तथा सेप्टीट्याकी लाई घर नक्सा संग जोडेर व्यवहारमा ल्याईने छ ।

### ६.३.७ अपेक्षित उपलब्धि

प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापनका क्षेत्रमा उल्लेख्य सुधार हुने छ ।

## ६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ६.४.१ पृष्ठभूमि

यस नगरपालिकामा बाढी पहिरो, आगलागी, भूकम्प, चटयाङ्ग वन्यजन्तु आक्रमण प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ । ग्रामीण भेगमा जथाभावी कृषि सडक खन्नु, बन फँडानी हुनु, आचारसंहिता विपरीत पूर्वाधार निर्माण हुनु, नदी खोला वरिपरिका जग्गाहरु मिचेर घर बनाउनु आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण नेपालको ग्रामीण भेगमा वर्षेनी अत्यधिक धनजनको क्षति हुने गरेको प्राप्त तथ्याङ्कले देखाएको छ ।

### ६.४.२ समस्या र चुनौती

वातावरणीय समस्याहरुमा जनसमुदायभित्र वातावरण प्रदुषण हुने खालको उद्योग खोल्नु, सडकमा यातायातको चाप बढ्नु, अत्यधिक मात्रामा वन फँडानी हुनु, घर घरमा शौचालयको निर्माण नहुनु आदि समस्याहरु रहेका छन् । गर्मी मौसममा हुने आगलागी तथा डढेलो पनि एक प्रमुख वातावरणीय समस्या रहेको छ ।

### ६.४.३ लक्ष्य

विपद्व्यस्थापन तथा जलवायु अनुकुलनका क्षेत्रमा सुधार ल्याउने ।

### ६.४.४ विपद् व्यवस्थापन सम्बन्धी नीतिः

- नगर क्षेत्रभित्र हुने बाढी पहिरो, आगलागी, भूकम्प, चटयाङ्ग वन्यजन्तु आक्रमण, आदि जस्ता प्राकृतिक विपतिमा तुरुन्त राहत कार्य कार्यान्वयनमा ल्याउन स्थानीय व्यवस्थापन केन्द्रलाई कृयाशिल बनाइनेछ । केन्द्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नगर प्रहरी, नेपाल रेडक्रस सोसाईटीसँगको समन्वयमा विपद् व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना तयार गरी लागू गरिनेछ ।
- विपद् व्यस्थापनको समयमा आवश्यक पर्ने अस्थायी सेन्टरहरुको पहिचान गरी विपद्को समयमा शिघ्र संचालनमा ल्याईने व्यवस्था मिलाईनेछ । विपद् व्यवस्थापनमा संघ, प्रदेश र

स्थानीय समुदाय संघ-संस्था तथा निजी क्षेत्रको सहयोगको समन्वय र सहकार्य गर्न पहल गरिनेछ ।

- विपद्को समयमा उद्धार तथा राहत कार्यलाई प्रवाहकारी वनाउन प्रत्येक वडाहरुमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, यूवा क्लब, रेडक्रस, स्काउट, क्याम्पस, विद्यालय तथा सामाजिक अभियन्ताहरु समेतको संग्लनतामा शिघ्र उद्धार स्वयंमसेवकको गठन गरिनेछ ।
- नगर क्षेत्रभित्र घट्न सक्ने आगलागीका घट्नाहरुबाट हुने क्षति न्यूनिकरण गर्न एक वारुणयन्त्र खरिद कार्यलाई अगाडि बढाईनेछ । साथै वारुणयन्त्रको सवारी चालक तथा दक्ष जनशक्तिहरु २४ सैं घण्टा तयारी अवस्थामा रहने व्यवस्था मिलाइनेछ ।
- सम्भावित आगलागीका घटनाहरुलाई समयमै नियन्त्रण गर्न प्रत्येक व्यापारी, सरकारी तथा निजी घरहरुमा समेत अग्नि नियन्त्रक यन्त्र राख्न अपिल गरिनेछ ।
- रेडक्रस एंव विपद् व्यवस्थापनसँग सम्बन्धी संस्थाहरुसँग समन्वय गरी ३० जना तालिम प्राप्त उद्धार टोली तयार गर्ने निति लिईएकोछ ।
- युवाहरुलाई विपद् व्यवस्थापन गर्ने खालका तालिमहरु संचालन गरिनेछ ।
- वर्षायाम पूर्व स्थानीय नदीहरुको बहाव वस्तीतर्फ प्रवेश गर्ने सम्भावनाको निरीक्षण गर्ने र समयमा नदी नियन्त्रण तटबन्धको व्यवस्था मिलाउने छु ।

### ६.४.५ रणनीति

वृक्षारोपण स्थान तोक्ने, डढेलो तथा आगलागी सम्बन्धि सचेतना बढाउने, वातावरण मैत्री सडक निर्माण गर्ने, रिचार्ज पोखरी निर्माण र संरक्षण गर्ने, जोखिम क्षेत्रको पूर्व तयारी गर्ने, वैज्ञानिक वन बनाई आर्थिक स्रोत आय वृद्धि गर्ने । भवन निर्माण मापदण्ड कडाईका साथ पालना गर्ने ।

### ६.४.६ परिणात्मक स्थिति

विपद् व्यवस्थापनमा पुर्व तयारी तथा तत्पर शहरको निर्माण भएको हुनेछ । जलवायु अनुकुलन नीति अनुसार कार्य गरिनेछ ।

### ६.४.७ अपेक्षित उपलब्धि

विपदका घटनामा कमि आएको हुनेछ । जलवायु परिवर्तन संग जुध्न सक्ने उत्थानशिल शहरको विकासक्रममा रहनेछ ।

**तालिका ६.२: कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको उपलब्धी | जिम्मेवार निकाय |
|---|---|---|
| नगरप्रमूखको अध्यक्षतामा नगर विपद व्यवस्थापन समिति गठन गर्ने | नगरप्रमूखको अध्यक्षतामा नगर विपद व्यवस्थापन समिति गठन भएको हुनेछ | नपा |
| क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्ने | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण भएको हुनेछ | नपा |
| नदी तथा खोलका किनारमा रहेका वस्ती तथा घरहरुको पहिचान | नदी तथा खोलका किनारमा रहेका वस्ती तथा घरहरुको पहिचान भएको हुनेछ | नपा |
| जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान | जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान भएको हुनेछ | नपा |
| आपतकालीन आश्रयस्थलको निर्माण | आपतकालीन आश्रयस्थलको निर्माण | नपा |

## ६.५ जोखिम पक्ष तथा अनुमान

आगामी तीन वर्षमा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक स्रोत, वित्तिय अनुशासन तथा अनुगमन र मुल्यांकनमा भरपर्दछ । यदि कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्न नसकेमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुनेछ ।

## परिच्छेद - सात

# संस्थागत विकास तथा सुशासन

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको संस्थागत विकास तथा सुशासन क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ ।

विगत तीन वर्षको पालिकाको बेरुजु रकम तालिका ७.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.१ : तीन वर्षको पालिकाको बेरुजु रकम

| आर्थिक वर्ष | लेखापरीक्षण रकम | बेरुजु रकम | प्रतिशत |
|---|---|---|---|
| २०७६/७७ | ७९३३२५ | ४४१४८ | ५.६ |
| २०७७/७८ | ७०१७७२ | ७५४२० | १०.७ |
| २०७८/७९ | १२०८६१६ | ८५४६३ | ७.१ |

*स्रोतः सम्वन्धित वर्षका महालेखा परीक्षको प्रतिवेदन*

संस्थागत विकास तथा सुशासन विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान रकम रु हजारमा ।

**तालिका ७.२: सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा विनियोजित बजेट तथा बजेट प्रक्षेपण (रकम रु. हजारमा)**

| आर्थिक वर्ष | बजेट | रकम (रु. हजारमा) |
|---|---|---|
| २०७८/७९ | विनियोजित बजेट | १७६०० |
| २०७९/८० | विनियोजित बजेट | १८७०० |
| २०८०/८१ | बजेट प्रक्षेपण | १९६३५ |
| २०८१/८२ | बजेट प्रक्षेपण | २०६१७ |
| २०८२/८३ | बजेट प्रक्षेपण | २१४४१ |
| त्रिवर्षीय कुल | बजेट प्रक्षेपण | ६१६९३ |

## ७.१ कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

वर्तमान संविधान २०७२ को धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरोपण गर्न सक्ने व्यवस्था गरिएको छ । यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो । नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउन आवस्यक छ जसले सुशासनको प्रत्याभुती गराउनेछ ।

### ७.१.२ समस्या र चुनौती

संविधान अनुसारका स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका अवश्यक सबै कानुन बनाउन सकिएको छैन । स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्याय प्रति विश्वास दिलाउनु चुनौतिपूर्ण छ ।

### ७.१.३ लक्ष्य

न्यायमा स्थानीय जनताको सुलभ पहुंच पुऱ्याउने । नगरवासीलाई सुशासनको प्रत्याभूती गराउने ।

### ७.१.४ संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीतिः

- कानूनी शासन र सुशासनको प्रत्यक्ष प्रत्याभूति गर्नको लागि आवश्यक पर्ने कानूनहरु द्रुत तवरबाट निर्माण गरी कार्यन्वयनमा ल्याईनेछ ।

- नवप्रवर्तन र सृजनशील कार्य गर्न सबै तहका राष्ट्रसेवकहरुलाई उत्प्रेरित गर्न कार्यमूल्याङ्कनको आधारमा प्रोत्साहन र नसिहतको व्यवस्था गरिनेछ ।
- नगरपालिका अर्न्तगतका वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु लगायत सबै कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय हाजिरी तथा सि.सि.टिभि. जडान गरी विद्युतीय शासनको अभ्यास गरिनेछ ।
- सामाजिक परिक्षण सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुमार्फत् नागरिकहरुको यस नगरपालिकाबाट हुने सेवा प्रवाह प्रतिको धारणा बुझ्ने र सेवा प्रवाहलाई परिष्कृत गर्ने व्यवस्था मिलाईनेछ ।
- प्रविधिको प्रयोग तथा सूचनामा पहुँच अभिवृद्धि गर्न नगरपालिकाको जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिसँग सम्बन्धित तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ ।
- नगरपालिकामा तिर्नु पर्ने करहरुलाई अनलाईन (डिजिटल वालेट) मार्फत् कर संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।
- वडा कार्यालयहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी इगभर्नेन्सलाई तिव्रता दिइनेछ । कम्प्यूटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवालाई अझ प्रभावकारी बनाउने नीति लिइनेछ । सूचना-प्रवाह गर्न तथा नगरवासीसँग अर्न्तक्रिया गर्न हाम्रो कर्जन्हा नगर रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्नुका साथै सामाजिक संजालको प्रयोग गरिनेछ ।
- नगरले प्रहाव गर्ने सबै प्रकारका सेवाहरुलाई विद्युतीय प्लेटफर्म प्रदान गर्ने गरी एकीकृत तथा अन्तर- आवद्ध प्रविधि तथा तथ्याङ्क भण्डार विकास गरिनेछ ।
- नगरपालिकाको आफ्नै सर्भरमा तथ्यांक राखी यसको संरक्षण गर्न उपयुक्त सर्भर खरिद गर्नुका साथै डाटा, एप्लिकेशन, सफ्टवेयर तथा साइवर सुरक्षाको प्रबन्ध मिलाइनेछ ।
- नगरलाई सुरक्षित र प्रविधियुक्त बनाउन स्थानीय प्रशासन तथा निजी क्षेत्रको सहकार्यमा नगरका मुख्य स्थानहरुमा सि.सि. क्यामेरा जडान गरिनेछ र यसको प्रक्रिया अगाडि बढाइने छ ।

- कर्जन्हा नगरपालिकाभित्रका वडा कार्यालयलाई जिल्लाकै नमूना वडा कार्यालयमा रुपान्तरित गर्ने कार्यक्रम सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन नगरपालिकामा एउटा सुविधा सम्पन्न जनता सहायता कक्ष को स्थापना गरिनेछ ।
- न्यायिक समितिका सदस्यहरु, सल्लाहकारहरु, मेलमिलाप सहजकर्ताहरुलाई सेवा सम्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ । न्यायिक समितिको कार्य सम्पादन स्तरलाई सुदृढीकरण गर्न विशेष पहल गरिनेछ । न्यायिक समितिका कामकारवाहीलाई प्रविधिमैत्री तथा पारदर्शी बनाउन अनलाइन मार्फत् व्यवस्थित गरिनेछ । न्यायिक समितिले कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिलाई व्यवस्थित गर्न समसमायिक विधेयक बनाइनेछ ।
- नगरवासीसँग सरोकार राख्ने कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्ने नीति अवलम्वन गरिनेछ ।
- आफ्नो टोल आफै बनाउन भन्ने नीति अवलम्वन गर्न टोल बिकास संस्था कार्यविधि बनाई लागू गरिनेछ ।
- मानव संसाधन बिकास तयार गरी लागू गर्ने नीति अवलम्वन गर्नेछ ।
- बेरुजु फछ्यौट कडाईका साथ लागू गर्ने नीति बनाइनेछ ।
- मुद्दाको प्रकृतीको आधारमा छिटो छरितो निर्णय गर्ने र चौमासिक रुपमा प्रतिवेदन सार्वजिनक गर्ने नीति लिइनेछ ।

### ७.१.५ रणनीति

स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका कानुन बनाउने, सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउने । विवादलाई मेलमिलापबाट समाधान गरिने नीति लिइने ।

### ७.१.६ परिणात्मक स्थिति

सार्वजनिक सेवा दक्ष, पारदर्शी र प्रभावकारी भएको हुनेछ । न्यायीक समितिले मेलमिलापको नीति अंगिकार गरी न्यायमा स्थानीय जनताको सुलभ पहुँच पुऱ्याउने छ ।

### ७.१.७ अपेक्षित उपलब्धि

कानुनी शासन, छिटो छरितो कम खर्चिलो, न्याय प्रणालीको विकास र सुशासन कायम भएको हुनेछ ।

## ७.२ संगठनात्मक विकास तथा मानव संशाधन

### ७.२.१ पृष्ठभूमि

नगरपालिकाले संस्थागत संरचनाको अभावमा पर्याप्त दक्ष विशिष्टीकृत ज्ञान सिप क्षमता योग्यता भएको जनशक्तिको निर्माण हुन सकिरहेको छैन । क्षमता विकासका कार्यक्रमहरुको समेत कमि रहेको छ । नगरपालिकाले संगठनात्मक विकास संरचना बनाई क्षमता विकास योजना बनाउन आवस्यक देखिएको छ ।

### ७.२.२ समस्या र चुनौती

वढ्दो जनअपेक्षा अनुरुप चुस्त दुरुस्त रुपमा ICT board सेवा प्रवाह गर्ने काम चुनौतिपूर्ण छ भने विश्व बजारमा उपलब्ध विभिन्न प्रविधि सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर समेत हो। क्षमता विकासका कार्यक्रमहरुमा पर्याप्त बजेट नहुनु, सुचना प्रविधिमा जनशक्तिलाई अभ्यस्त बनाउन नसन्नु ।

### ७.२.३ लक्ष्य

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरीक सन्तुष्टि ।

### ७.२.४ रणनीति

नगरपालिकाको सेवा प्रवाहलाई ICT board छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने । संगठनात्मक संरचना सर्वे गरि निर्धारण गर्ने । क्षमता विकास योजना बनाई कार्यान्वयन गर्ने । ICT

based (service provide) सेवा प्रवाह गर्ने । विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्ने । सबै शाखाहरुको कार्य विभाजन गर्ने । सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्ने ।

#### ७.२.५ परिणात्मक स्थिति

संगठनात्मक संरचना बनेको हुनेछ । क्षमता विकास योजना बनाई कार्यान्वयन भएको हुनेछ ।

#### ७.२.६ अपेक्षित उपलब्धि

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरिक सन्तुष्टिको सोच चरितार्थ हुनेछ ।

### ७.३ स्रोत परिचालन

#### ७.३.१ पृष्ठभूमि

नगरपालिकाको आन्तरिक राजस्वको आकारले नगरपालिकाको क्षमता र नगरपालिका योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ । राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतीपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस नगरपालिकाको आन्तरिक राजस्व परिचालनका मुल नीति हुनेछ । कानूनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी र राष्ट्रिय दरको औषतलाई आधार बनाइनेछ । कानून अनुसार आन्तरिक राजस्वको आधार बढाउन जनसहभागीतालाई जोड दिइनेछ ।

#### ७.३.२ समस्या र चुनौती

कर मैत्री राजस्व सुधार योजना नहुनु , कर करदाता शिक्षा सञ्चालन नहुनु, कर छल्ने प्रवृति विकास, करदातालाई कर सहभागिता प्रक्रियामा संलग्न गराउन कठिन ।

#### ७.३.३ लक्ष्य

विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने । नगरपालिकालाई आत्मनिर्भर बनाउने

### ७.३.४ रणनीति

- नगरबासीहरु करको दायराबाट कोही नछुटुन, कोही नदोहोरिउन भन्ने मान्यताका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार आबस्यक समायोजन गरिनेछ ।
- संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम बढी भन्दा बढी लिनका लागि अनुदानका मापदण्ड पूरा गर्न अधिकतम पहल गरिनेछ ।
- नगरपलिका भित्र आर्थिक कृयाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आबश्यक पर्ने स्रोतको खोजी गरिने छ ।

### ७.३.५ परिणात्मक स्थिति

विगतमा संकलन भएको राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ । स्रोतहरुको खोजी र स्रोतको कुशल परिचालन गरिएको हुनेछ ।

### ७.३.६ अपेक्षित उपलब्धि

प्रशासनिक खर्च आन्तिरिक स्रोतवाट प्रर्याप्त भई पुँजीगतमा समेत योगदान दिनेछ ।

## ७.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

समय सापेक्ष तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन सकेको छैन । आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आबस्यक व्यवस्था मिलाइनु पर्दछ । योजनाहरुको कार्यान्वयन स्थिति, नगरपालिकाबाट हुने सेवा प्रवाह सम्बन्धमा पनि सर्वसाधरणले थाहापाउने गरी सूचना प्रवाह गर्न प्रभावकारी सूचना प्रविधि हुन आबश्यक छ । नगरपालिकाले कानून अनुसार काम गर्न प्रशासन व्यवस्थालाई सूचना प्रविधि मैत्री बनाउनु पर्ने हुन्छ ।

### ७.४.२ समस्या र चुनौती

- तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन नसक्नु।
- आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आबस्यक व्यवस्था मिल्न नसक्नु ।

### ७.४.३ लक्ष्य

आवधिक योजनाको उदेस्य अनुरुप कार्यगर्ने ।

### ७.४.४ रणनीति

आवधिक योजनाको लक्ष्य अनुसार कार्यान्वयन गर्ने । मध्यमकालिन खर्च संरचना बनाई बजेट कार्यन्वयन गर्ने । सुचना प्रविधिको व्यापक प्रयोगबाट तथ्याङ्क व्यवस्थापन तथा क्रमिक अध्यावधिक गर्ने ।

### ७.४.५ परिमाणात्मक स्थिति

प्रथम आवधिक योजनाले लिएको लक्ष्य हासिल गरिने छ । नगर सुचना केन्द्र तथा स्रोत केन्द्रको व्यवस्था हुनेछ ।

### ७.४.६ अपेक्षित उपलब्धि

योजनाबद्ध नगरको विकास हुनेछ ।

तालिका ७.३ प्रमूख कार्यक्रम

| कार्यक्रम | योजना अवधिको लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना निर्माण | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना तयार भएको हुनेछ । | नपा |
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि दक्षता अभिवृद्धि तालिम | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि वार्षिकरुपमा तालिम सञ्चालन गर्ने | नपा |
| विषयगत शाखासँग सहकार्य गरी तथ्यांक संकलन | नगरपालिकाको अद्यावधिक तथ्यांक हुनेछ | सबै शाखा |

परिच्छेद - आठ

# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

कर्जन्हा नगरपालिकाको आवधिक योजनाले तय गरेको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सँग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको मध्यमकालीन अनुगमन प्रणाली तयार पारिएको छ।

प्रत्येक कार्यक्रमको अनुगमन गर्ने निकाय, अनुगमन विधि र अनुगमनको पटक आदि खुलाइएको अनुगमन तालिका तल दिइएको छ।

## ८.१ आर्थिक क्षेत्र

तालिका ८.१. आर्थिक विकास

| क्र.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक बाली उत्पादन कार्यक्रम | नपा | १,३,४,५,६,७ | ४ पटक | नपा | कृविशा |
| २ | कृषि पूर्वाधार | नपा | ३,४ | ४ पटक | नपा | नपा |
| ३ | खाद्यान्न बिज वृद्धि कार्यक्रम | कृषि शाखा | ३,३,७ | २ पटक | कृषि शाखा | नपा |
| ४ | बजार व्यवस्थापन कार्यक्रम | कृषि शाखा | १, ३,७ | २ पटक | कृषि शाखा | नपा |
| ५ | फलफूल उत्पादन कार्यक्रम | कृषि शाखा | ३ | २ पटक | कृषि शाखा | नपा |

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| ६ | पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | कृषि शाखा | १,३, ७ | २ पटक | कृषि शाखा | नपा |
| ७ | डेरी उद्योग कार्यक्रम | नपा | १,३,७ | २ पटक | नपा | नपा |
| ८ | मासु उत्पादन कार्यक्रम | नपा | १,३,७ | २ पटक | नपा | नपा |
| ९ | समन्वयात्मक कृषि कार्यक्रम | नपा, कृषि शाखा | १,२,३ | २ पटक | नपा, कृषि शाखा | नपा, कृषि शाखा |
| १० | पर्यटन विकास कार्यक्रम | नपा | १,२ | २ पटक | नपा | नपा |
| ११ | सिंचाइ | नपा | १,३,६,७ | २ पटक | नपा | नपा |
| १२ | सहकारी | नपा | १,२,३,६ | २ पटक | सहकारी शाखा | सहकारी शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## ८.२. सामाजिक क्षेत्र

### (क) शिक्षा तथा खेलकुद

**तालिका ८.२: शिक्षा तथा खेलकुद**

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक/शिक्षिका तालिम | नपा, शि.शा | १,३,५ | ३ पटक | नपा, शि.शा | शि.शाखा |
| २ | अनौपचारीक शिक्षा तथा चेतना कार्यकम | नपा, | २,३,५ | ३ पटक | नपा, शि.शा | शि.शाखा |

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| ३ | खाजा कार्यक्रम नपा | नपा | ३,७,६ | ३ पटक | नपा, शि.शा | शि.शाखा |
| ४ | विद्यालय भौतिक पूर्वाधार निर्माण | नपा | १,३,४,५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ५ | विद्यालय आइसिटि पूर्वाधार निर्माण | नपा, शि.शा | १,३,४,५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ६ | इसिडि कार्यक्रम | नपा, शि.शा | १,३,४,५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ७ | छात्रवृत्ति वितरण | नपा | १, ३, ५ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ८ | शिक्षण सामग्री वितरण | नपा | २,५,६ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| ९ | खेल संचालन | नपा | १, ३ | २ पटक | नपा, शि.शा | शि.शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | | |

(ख) **स्वास्थ्य**

**तालिका ८.३: स्वास्थ्य**

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य भौतिक पूर्वाधार निर्माण | नपा | ३,७ | २ | नपा | नपा स्वास्थ्य शाख |

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| २ | घरमा शून्य सुत्केरी | नपा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | नपा | स्वास्थ्य शाख |
| ३ | शुन्य मातृ नवशिशु र बालबालिका अभियान | नपा | २,३, ५ | ३ | नपा | स्वास्थ्य शाख |
| ४ | प्रजनन्स्वास्थ्य कार्यक्रम | नपा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | नपा | स्वास्थ्य शाख |
| ५ | पोषण विशेष कार्यक्रम | नपा | १,३,४,५ | ३ | नपा | स्वास्थ्य शाखा |
| ६ | किशोर किशोरी विशेष | नपा,शिक्षा/स्वास्थ्य | १,३,४,५ | ३ | नपा | स्वास्थ्य शाखा |
| ७ | पूर्ण सरसफाई युक्त नगरपालिका | नपा,शिक्षा/स्वास्थ्य | १,३,४,५ | ३ | नपा | स्वास्थ्य शाखा |
| ८ | खोप केन्द्र भवन | नपा,शिक्षा/स्वास्थ्य | २,५,६ | २ | नपा | स्वास्थ्य शाखा |
| ९ | औजार, औषधि उपकरणको व्यवस्थापन | नपा,शिक्षा/स्वास्थ्य | १,३,२ | २ | नपा | स्वास्थ्य शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

तालिका ८.४: खानेपानी तथा सरसफाई

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी | नपा | ३,५,६ | ३ पटक | नपा | खापा शाखा |
| २ | स्वच्छ खानेपानी कार्यक्रम | नपा | २,३,५ | ३ पटक | नपा | खापा शाखा |
| ३ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | नपा | ३,७ | ४ पटक | नपा | खापा शाखा |
| ४ | मासिक सरसफाई अभियान कार्यक्रम | नपा | ३,६ | १२ पटक | नपा | खापा शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## ८.३ भौतिक पूर्वाधार

तालिका ८.५: भौतिक पूर्वाधार

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | सडक निर्माण | नपा | ३,४,७ | ४ | नपा | नपा सडक शाखा |
| २ | सिञ्चाई | नपा | ३,४,७ | ४ | नपा | सिञ्चाई कार्यालय |
| ३ | भवन तथा शहरी विकास | नपा | ३,४,७ | ४ | नपा | भवन तथा शहरी विकास |
| ४ | उर्जा | नपा | ३,४,७ | ४ | नपा | नपा |
| ५ | वैकल्पिक ऊर्जा | नपा | ३,४,७ | ४ | नपा | नपा |

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| ६ | सञ्चार | नपा | ३,४,७ | ४ | नपा | नपा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## ८.४ वन वातावरण तथा विपद् व्यवस्थापन

तालिका ८.६: वन वातावरण तथा विपद् व्यवस्थापन

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | बगर खेती | नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| २ | सामुदायिक वनलाई उत्पादनसँग जोडि फलफुल खेती गर्ने | नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| ३ | जैवीक विविधताको संरक्षण | नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| ४ | जलाधार संरक्षण | जिसस, नपा | ३,४,७ | २ पटक | नपा | नपा |
| ५ | जलवायु परिवर्तन | जिसस, नपा | ३,४,७ | १ पटक | नपा | नपा |
| ६ | फोहर मैला व्यवस्थापन | नपा | ३, ४, ७ | ४ पटक | नपा | नपा |
| ७ | जल उत्पन्न प्रकोप | नपा | ३,४,७ | | | |
| ८ | विपद्व्यवस्थापन | नपा | ३,४,७ | ४ पटक | नपा | नपा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

## ८.५ संस्थागत विकास तथा सुशासन

तालिका ८.७: संस्थागत विकास तथा सुशासन

| क.सं | कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|---|
| १ | मानव संसाधन विकास | नपा | ३, ४,७ | १ पटक | नपा | क्षमता विकास शाखा |
| २ | संस्थागत क्षमता विकास | नपा | ३, ४,७ | १ पटक | नपा | क्षमता विकास शाखा |
| ३ | सूचना प्रविधि | नपा | ३, ४,७ | १ पटक | नपा | सुचना प्रविधि शाखा |
| ४ | लेखांकन | नपा | ३, ४,७ | १ पटक | नपा, | आर्थिक प्रशासन, योजना शाखा |
| ५ | राजस्व | नपा | ३,४,७ | १ पटक | नपा | राजश्व शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

# कर्जन्हा नगरपालिका

सिराहा जिल्ला

मधेस प्रदेश, नेपाल

२०८०